# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गुलरिया नगरपालिका
## बर्दिया

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गुलरिया नगरपालिका
## बर्दिया

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गुलरिया नगरपालिका

बर्दिया

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १०२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

गुलरिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बर्दिया ।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड ४० लाख २० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ८२ लाख २१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३६ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १३ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ७१ लाख ६४ हजार, पेश्की बाँकी रु ३५ लाख ६० हजार समेत गरी यस वर्ष रु. ४ करोड ५७ लाख ९९ हजार बेरुजू कायम रहेको छ ।नगरपालिकाको गतवर्ष सम्मको सम्परीक्षण पश्चात रु. ३१ करोड ८८ लाख ३३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३६ करोड ४६

लाख ३२  हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने **गुलरिया** नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **गुलरिया** नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( घनश्याम पराजुली )**
**नायब महालेखापरीक्षक**

## **गुलरिया** नगरपालिका, बर्दिया जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | १२६ | ० | ५४०२० | १० | ८२२१ | ५९ | ११६ | ४५७९९ | ३६९७ | २७१६४ | ११३७८ | ० | ० | ३८५४२ | ३५६० |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्योट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुलरिया नगरपालिका, बर्दिया जिल्ला | ३१८९९२ | ० | १५९ | ३१८८३३ | ० | ४५७९९ | ३६४६३२ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २३ | पेश्की फछ्यौट | ६८३५००० |
| २ | ०७९।०८० | ४१ | प्रमाण पेश | २५००० |
| ३ | ०७९।०८० | ५९ | प्रमाण पेश | ४१९९११ |
| ४ | ०७९।०८० | ६१ | प्रमाण पेश | ७८९६२५ |
| ५ | ०७९।०८० | ७५ | प्रमाण पेश | १२०००० |
| ६ | ०७९।०८० | ७६ | प्रमाण पेश | ३२००० |
| | चालु वर्षको जम्मा | | | **८२२१५३६** |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | १५९४५९ |
| | २०७७।७८ | | | ० |
| | गत विगतको जम्मा | | | **१५९४५९** |
| | कुल जम्मा | | | **८३८०९९५** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा, ६६ सभा सदस्य , ११८.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ७५ हजार ५०५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२८ देखि २०८०।१०।०५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

२ **संचित कोष-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय/व्यय हिसाबको आर्थिक वर्ष २०७९/८० को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १०८१६१८२२०.४७ | ८०११३०११६.०६ | | ८०११३०११६.०६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १०१९४९५४५६.०१ | ७८८७९१९११.४३ | ० | ७८८७९१९११.४३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११००० कर | ११ | १८०७७५०००. | १४४७१०४४१.९४ | ० | १४४७१०४४१.९४ |
| १३००० अनुदान | | ६९३२८१०००. | ६१९१७७२२०.४४ | ० | ६१९१७७२२०.४४ |
| संघीय सरकार | १२ | ६४४२३००००. | ५७३४०३६६४.४४ | ० | ५७३४०३६६४.४४ |
| प्रदेश सरकार | १२ | ४९०५१०००. | ४५७७३५५६. | ० | ४५७७३५५६. |
| १४००० अन्य राजस्व | | २८४०००००. | २४९०४२४९.०५ | ० | २४९०४२४९.०५ |
| ३२००० वित्तीय सम्पत्ति | | ११७०३९४५६.०१ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ६२१२२७६४.४६ | १२३३८२०४.६३ | | १२३३८२०४.६३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ६२१२२७६४.४६ | ४९६५५३१.५१ | ० | ४९६५५३१.५१ |
| धरौटी | | ० | ७३७२६७३.१२ | ० | ७३७२६७३.१२ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १०८१६१८२२०.४७ | ८५५५७५९००.९ | | ८५५५७५९००.९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १०१९४९५४५६.०१ | ८१३४७६९९५.९ | | ८१३४७६९९५.९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २६९४८२०००. | २४२९०८०२४.३४ | ० | २४२९०८०२४.३४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १९३०४९७५६.०१ | १५५४०८७९४.३६ | ० | १५५४०८७९४.३६ |
| २५००० सहायता (Subsidy) | १८ | ९९९६५०००. | ८८५२०१५३.२ | ० | ८८५२०१५३.२ |
| २७००० सामाजिक सुरक्षा | १८ | ६२४००००. | ५१५५४१. | ० | ५१५५४१. |
| २८००० अन्य खर्च | १८ | २५०००००. | १४८६४००. | ० | १४८६४००. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४४८२५८७००. | ३२४६३८०८३. | ० | ३२४६३८०८३. |
| घ. अन्य भूक्तानी | | ६२१२२७६४.४६ | ४२०९८९०५. | | ४२०९८९०५. |
| कोषहरु | | ६२१२२७६४.४६ | ४०५०३५७२. | ० | ४०५०३५७२. |
| धरौटी | | ० | १६३६७८५. | ० | १६३६७८५. |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -४१,४५२.०० | | -४१,४५२.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | -५४४४५७८४.८४ | | -५४४४५७८४.८४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १८२६३७३४५.१३ | | १८२६३७३४५.१३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १२८१९१५६०.२९ | | १२८१९१५६०.२९ |
| बैंक तथा नगद बाँकी | | | १२३२२६०२८.७८ | | १२३२२६०२८.७८ |

३ **अन्तर सरकारी वित्तीय हस्तान्तरण कार्यक्रम-** पालिकाले तयार गरेको वित्तीय विवरणमा निम्नानुसारको बजेट उपशिर्षकमा भएको निकासा र खर्च रकम समावेश भएको छैन ।

| बजेट उपशिर्षक | निकासा | खर्च |
|---|---|---|
| गरिवसंग विश्वेश्वर कार्यक्रम | ४६३००० | ४६३००० |
| सामाजिक सुरक्षा तथा संरक्षण | २१०८६५५१५.५६ | २१०८६५५१५.५६ |
| जम्मा | २११३२८५१५.५६ | २११३२८५१५.५६ |

४ **आर्थिक कारोबारको स्थीति**

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयकोआय — व्ययतर्फ रु. १२८१९१५६०.२९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

५ **लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोराहरु**

लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

६ **वित्तीय विश्लेषण**

६.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए

अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

६.२ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

सैद्धान्तिक बेरुजु

---

६.३ पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन ।

सैद्धान्तिक बेरुजु

---

६.४ जिम्मेवारी फरक परेको- स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षान्तमा रु.११ करोड ७० लाख ३९ हजार मौज्दात कायम देखाएकोमा यो बर्षको शुरुमा रु. १८ करोड २६ लाख ३७ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६ करोड ५५ लाख ९८ हजार बढी जिम्मेवारी सरेको देखिन्छ । पालिकाले हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

६.५ खर्च विश्लेषण- पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु. २ करोड ४९ लाख ४ हजार राजस्व बाँडफाँटबाट रु. १४ करोड ४७ लाख १० हजार र अनुदानबाट रु ६१ करोड ९१ लाख ७७ हजार र अन्य आयबाट रु १ करोड २३ लाख ३८ हजार समेत रु ८० करोड११ लाख ३० हजार आम्दानी भएकोमा चालु तर्फ रु. ४८ करोड ८८ लाख ३८ हजार ( ६० प्रतिशत) र पूँजिगत तर्फ रु ३२ करोड ४६ लाख ३८ हजार ( ४० प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको

हिस्सा २ करोड ४९ लाख ४ हजार (३.०६) प्रतिशत रहेको छ । यसबर्ष प्रशासनिक खर्च वापत रु २१ करोड ८० लाख२१ हजार खर्च भएको छ जुन आन्तरिक आयको करिब ८ गुणा बढी खर्च हो । पालिकाले चालु खर्चमा मित्वययीता कायम गरि पूँजिगत खर्च बढाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

---

६.६ प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु. ८० करोड ११ लाख ३० हजार र गत वर्षको मौज्दात रु. १८ करोड २६ लाख ३७ हजार समेत जम्मा रु. ९८ करोड ३७ लाख ६७ हजार र कुल भुक्तानी रु. ८५ करोड५५ लाख ७५ हजार देखाई रु. १२ करोड ८१ लाख ९२ हजार अन्तिम मौन्दात देखिन्छ ।

सैद्धान्तिक बेरुजु

---

७ **क्षेत्रगत बजेट -** पालिकाको कुल बजेट १ अर्ब १ करोड ९४ लाख ९५ हजार र खर्च ८१ करोड ३४ लाख ७६ हजार खर्च भई समग्रमा ७९.७९ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

| SN | क्षेत्र/उप क्षेत्र | खर्च | खर्च (%) |
|---|---|---|---|
| १ | आर्थिक विकास | १९८३९७६६. | २.४४ |
| २ | सामाजिक विकास | ३७४३०९११८.४४ | ४६.०१ |
| ३ | पूर्वाधार विकास | २८१९०८००२. | ३४.६५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २७८२५५०६. | ३.४२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०९५९४६०३.४६ | १३.४७ |
| कुल जम्मा | | ८१३४७६९९५.९ | १००. |

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४६.०१ प्रतिशत, पूर्वाधार विकासमा ३४.६५ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा १३.४७ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३.४२ प्रतिशत तथा आर्थिक विकास तर्फ २.४४ प्रतिशत मात्र रहेको देखियो ।अतः आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

---

८ **चैमासिक खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शीर्षक | कुल पूजिगत खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पुँजिगत | ३२४६३८ | ५३२६ | ४६८९१ | २७२४१९ | ९८१३१ |

सैद्धान्तिक बेरुजु

९ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९को दफा ५क वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासम्भव दाखिला गरेको देखिएन

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य सांस्था, आयूर्वेद अस्पताल भेटेरिनरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।

• भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरूको नाममा भुक्तानी दिई निजहरू मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

---

१० **तलवी प्रतिवेदन** - निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिशलेषणयोग्य बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

११ **मुद्दाको अध्यावधिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ रहेकोमा यो बर्ष १३ विवाद दर्ता भएकोमा ११ वटा फस्यौट भई बाँकी ३ रहेकोमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

---

१२ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम. निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ। यस वर्षसम्म ३० वटा सभा तथा कार्यपालिकाबाट कानून बनाई कार्यान्वयनमा ल्याएको छ । पालिकाले सभा तथा कार्यपालिकावाट कानुनहरु बनाई पारित गरी कानुनहरुको कार्यान्वयन प्रभावकारी रुपमा गरेको देखिएन। पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

---

१३ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नगरी बार्षिक गराएको देखियो। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

१४ **करार कर्मचारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४१ जना कर्मचारीहरु करारमा राखि रु १४५९२६२६ खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरेको छ । पालिकाले विधिपूर्वक स्थाई पदपुर्ति गर्ने तर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

---

१५ **योजना बर्गिकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ ।

| क्र. सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | १ लाखसम्म | ७९ |
| २ | १ लाख देखि ५लाख सम्म | १४६ |
| ३ | ५ लाख देखि २० लाख सम्म | ७९ |
| ५ | २० लाख भन्दा माथीका योजना | २९ |
| | जम्मा | ३३३ |

| सैद्धान्तिक बेरुजु |
|---|

---

१६ **योजनाको दोहोरोपना -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो पर्न सक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

---

१७ **सवारी साधन मर्मत -** सावारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म.ले.प. फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । पालिकाले यस बर्ष इन्धन कार्यालय प्रयोजन, पदाधिकारी इन्धन तथा अन्य प्रयोजनमा कुल रु ४९ लाख ८५ हजार खर्च लेखेको छ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

• पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. ४२ लाख ११ हजार खर्च गरेको देखिन्छ । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन। साथै एक लाखभन्दा बढीको मर्मतमा ३ वटा सेवा प्रदायकबाट दर भाउ पत्र माग गरेको छैन । यसबाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

---

१८ **भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी भ्रमणको अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यको आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरेको छ ।

- भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फारम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फारम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण कार्यमा रु. १८ लाख ९४ हजार खर्च गरेको देखिन्छ । विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमणको यथार्थपरकम अवस्था देखिने गरी भम्रण अभिलेख प्रतिवेदन तयार गरी पेश गरेको देखिएन। पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा दैनिक भ्रमण भत्ताको नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा अवस्यकता तथा औचित्यको आधारमा भुक्तानी दिनु पर्नेमा औचित्य पुष्टि हुनेगरि दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखिएन। पालिकाले यस तर्फ सुधार गर्नुपर्दछ।
- 

सैद्धान्तिक बेरुजु

## १९ राजस्व अनुमान र प्राप्ती

१९.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २० करोड ९१ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १६ करोड ९६ लाख प्राप्त गरी प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. |
|---|---|---|---|
| १ | ११३१३ एकीकृत सम्पती कर | ७५०००००. | ७७०५७०५.५ |
| २ | ११३१४ भुमिकर/मालपोत | २०००००. | २१,९०४.०० |
| ३ | ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १५००००००. | १७०१६९५९.८ |
| ४ | ११३२१ वहाल कर | २५०००००. | ४०६५७०७.८७ |
| ५ | ११३२२ वहाल विटौरी कर | १०००००. | २३३२१०५. |
| ६ | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९७८९९०००. | ७२१४८१३१.८८ |
| ७ | ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ४००००००००. | २७४८९०७३.२५ |

| | | | |
|---|---|---|---|
| ८ | ११४५१ सवारी साधन कर (साना सवारी) | ५०,०००.०० | ० |
| ९ | ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १७४७६०००. | १३९३०८५४.६४ |
| १० | ११६३२ अखेटोपहारमा लाग्ने कर | ५०,०००.०० | ० |
| ११ | १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४००००००. | ४२७५५२०. |
| १२ | १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ३६५१६९.१ |
| १३ | १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ६३०००००. | ३६९७०५८.८ |
| १४ | १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ३०००००. | ८,८२०.०० |
| १५ | १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ३००००००. | ९७४३९२. |
| १६ | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ८०००००. | ३६१६१३४.३९ |
| १७ | १४२४१ पार्किङ्ग शुल्क | १५०००००. | ० |
| १८ | १४२४२ नक्सापास दस्तुर | १८०००००. | ९८९३६२.१ |
| १९ | १४२४३ सिफारिश दस्तुर | ५००००००. | ३८८०१३२. |
| २० | १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १५००००. | १३१९५५०. |
| २१ | १४२४५ नाता प्रमाणित दस्तुर | २०००००. | १८८७३५. |
| २२ | १४२४९ अन्य दस्तुर | १६०००००. | १७१४११६.१४ |
| २३ | १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ५०,०००.०० | १०,७४५.०० |
| २४ | १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | १५०००००. | ७९४५८४.५२ |
| २५ | १४५२१ प्रदुषण नियन्त्रण शुल्क | १०००००. | ३,२४०.०० |
| २६ | १४५२९ अन्य राजस्व | १०००००. | १३७५१८५. |
| २७ | १४६११ व्यवसाय कर | २००००००. | १६९१५०५. |
| जम्मा आन्तरिक राजस्व | | २०९१७५०००. | १६९६१४६९०.९९ |

पालिकाले २७ वटा विभिन्न शिर्षकमा आय प्राप्त गर्ने लक्ष्य लिएकोमा २४ वटा शिर्षकमा मात्र तोकिए भन्दा न्यून मात्रामा राजश्व संकलन भएको छ भने ३ वटा शिर्षकमा राजश्व संकलन भएको देखिएन। पालिकाले आगामी दिनमा बास्तविक रुपमा लागत अनुमान तयार गरी राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९.२ **व्यवसाय करः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रकम प्राप्त नभएको हुदा पालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

१९.३ **मनोरन्जन करः** स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन।आगामी दिनमा यस कर संकलनमा ध्यान दिनुपर्दछ

१९.४ **ईट्टा व्यवसायीः** स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा रहेका विभिन्न व्यवसायीलाई दर्ता गर्न प्रोत्साहन गरी बार्षिक रुपमा संस्था दर्ता नविकरण गरेरमात्र कार्य गर्ने व्यवस्था गर्नुपर्नेमा पालिका क्षेत्रमा विभिन्न इट्टा व्यवसायीहरु रहेकोमा पालिकामा कुनै पनि इट्टा व्यवसायी दर्ता भएको देखिएन। जनताको जनजीवनमा प्रत्यक्ष असर पार्ने इट्टा व्यवसायीलाई पालिकाले दर्ता गर्न लगाई करको दायरामा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९.५ **राजस्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९.६ **राजस्व अभिलेखः** पालिकाले सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैंक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

---

१९.७ **राजस्व दाखिलाः** पालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।पालिका वडामा संकलन भएको राजश्व नियमानुसार दाखिला गर्नुपर्नेमा प्रत्येक महिनाको १५ दिन देखि १ महिना पछि संकलित रकमको दाखिला गरेको देखिएको हुदा नियमानुसार समयमै संकलित रकम दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

१९.८ **एकिकृत सम्पति करः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष कुनै पनि कर संकलन भएको देखिएन। पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (**HOUSEHOLD SURVEY**) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

२० **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । यस वर्ष पालिकाले आर्थिक सहायता शिर्षकमा रु १३ लाख ७ हजार खर्च गरेको छ । उक्त रकम पालिकाको

कुल आन्तरिक आय रु. २ करोड ४९ लाखको ५.२५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

२१ **कर्मचारी पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १८५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थाई, करार र ज्यालादारी गरी २२६ जना पदपूर्ती भएको देखिन्छ।कर्मचारी व्यवस्थापन कार्यलाई दुरुस्त बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

२२ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु ३० लाख विनियोजन गरी रु. २६ लाख ३५ हजार खर्च लेखेको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरी गर्नु पर्नेमा अधिकांशमा गरेको देखिएन । पालिकाले आगामी दिनमा यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

२३ **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद ननाघेको पेश्की रु. ३१ लाख ३३ हजार र म्याद सकिएको पेश्की रु ३५६०३३७ गरी कुल पेश्की रु.६६९३३३७ फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने रु

| पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | |
|---|---|---|---|
| | म्याद ननाघेको | फछ्यौंटको अन्तिम म्याद | म्याद नाघेको |
| बर्दिया ब्लाक वक कन्स्ट्रक्सन प्रा.ली | ०. | ११/०५/२०७९ | ३५६०३३७. |
| बालान बिल्डर्स | २८३०००. | ०१/०६/२०८० | ० |
| बर्दिया ब्लाक वक कन्स्ट्रक्सन प्रा.ली | २८५००००. | ०४/२६/२०८० | ०. |
| जम्मा | ३१३३०००. | | ३५६०३३७. |

*५. (प्रारम्भिक प्रतिवेदन उपर  पेश्की फछ्यौटको प्रमाण पेश भएको आधारमा मिति २०८१।  १।  ७ को निर्णयबाट रु. ६८३५०००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| पेश्की | ३५,६०,३३७ |

२४ **शशर्तको अनुदान बढि खर्च -** ठेक्का नं २- २०७९।८० अन्तर सरकारी बृत्त ब्यबस्थापन ऐन २०७४ मा शशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन सम्बन्धमा आबश्यक शर्त तोक्नेछ र त्यस्तो शर्तको पालना सम्बन्धित स्थानिय तह र प्रदेशले गर्नुपर्ने कानुनी ब्यबस्था छ। । आर्थिक कार्यविधि तथा बित्तिय उत्रदायित्व ऐन, २०७६ अनुसार बिनियोजन भएको शशर्त रकम खर्च नभइ बाँकी रहेमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्ने ब्यबस्था छ। संघिय समपुरक अनुदान तर्फको गुलरिया नगरपालिका वडा नं ८ को काेठिया गाउँ भित्र जाने सडक कालाेपत्रे तथा नाली निर्माण कार्यको निर्माण ब्याबसायी बर्दिया ब्लाक वक कन्स्ट्रक्सन प्रा.लीसँग मिति २०७९।९।११ मा २०८०।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी भएको सम्झौता रकम रु ३८०५०२५८।७१ मध्ये यस बर्ष कार्य मुल्यांकन भएको रु १२८०३४२५ र पेश्की ६६ लाख गरी रु १९४०३४२५ को ५० प्रतिशत रु ९७०१७१२।५० संघिय सरकारको शर्त बमोजिम संघिय सरकारको बजेटबाट खर्च लेख्नुपर्नेमा रु १४९४२८०० संघिय शशर्तको बजेटबाट भुक्तानी गरेको देखिएकोले ५० प्रतिशत भन्दा बढि रकम पालिकाले संघिय सरकारबाट पुर्व सहमति नलिइ भुक्तानी गर्न नमिल्ने हुदा सहमतिबेगर बढि खर्च गरेको रु ५२४१०८७ समर्थन गराउनुपर्ने वा आगामी निकासामा हिसाब मिलान गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,४१,०८७ |

२५ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा प्रतिष्पर्धालाई सीमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्ननहुने व्यवस्था रहेको छ । साथै खरिद नियमावली २०६४ को नियम ३१ अनुसार बीस लाख भन्दा माथीको खरिद कार्य गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो भौ बाट कार्यालय सामग्री खरिद गर्दा सोझौ खरिद गरेको हुँदा उक्त कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गो भौ मिति | योजनाको नाम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २१- २०७९।१२।२१ संघिय पुजिगत | खेलकुद पूर्वाधार निर्माण वडा नं . ४ | भेरी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा . लि . | ८००००० |
| २२- २०७९।१२।२३ संघिय पुजिगत | वंगलामुखि मन्दिर संरक्षण गलरिया न . पा . ६ वर्दिया | बेतालेश्वर कन्ष्ट्रक्सन | ८००००० |

| | | | |
|---|---|---|---|
| ९- २०७९।११।२५ प्रदेश पुजिगत | भैसाही गाउँको पश्चिम पुल देखी विक्री स्कुल जोड्ने बाटाे ग्राभेल वडा नं . १२ | शाहन्ज कन्स्ट्रक्सन कम्पनी प्रा . लि . | ९९४८३० |
| २५- २०८०।३।२४ प्रदेश पुजिगत | थपुवा गाउँको पुर्वी टाेलकाे गल्लीमा ब्लक विस्तार वडा नं . ८ | एन एस टि कन्ष्ट्रक्सन प्रा . लि . | ९१२००६ |
| ३२८- २०८०।३।२४ नपा पुजिगत | शहरी हरियाली प्रवर्द्धन तथा पेटी निर्माण | गणेश बाबा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा . लि . | ९३४५४६ |
| २५८- २०८०।३।१९ नपा पुजिगत | सडक बाेड तर्फकाे वडा ६ काे सडक मर्मत | आर के . निर्माण सेवा | ९९४८५३ |
| २५९- २०८०।३।१९ नपा पुजिगत | किढिपुर पिपल चाैतारादेखी कृष्णसार रिसाेर्ट जाने बाटाे पटान तथा ग्राभेल | एस. एस . कन्सष्ट्रक्सन | ९५०४४७ |
| २६५- २०८०।३।१९ नपा पुजिगत | वडा नं . ८ को आधारभुत स्वास्थ्य भवन वाल वाउन्ड्री निर्माण | बर्मा कन्स्ट्रक्सन | ९९७७०६ |
| १८९- २०८०।२।१७ नपा पुजिगत | वडा नं . ९ कजवे देखी पुर्व सेवकराम धोवीको घरदेखी दक्षिण हुँदै पुर्व वृजमाेहन गोडियाको घर सम्म जाने वाटाे ग्राभेल निर्माण | सुविन निर्माण सेवा काठ तथा अन्य सप्लायर्स | ९९६२८५ |
| १४७- २०८०।१।१९ नपा पुजिगत | कृषकहरुका लागी कृषि पाेल खरिद तथा जडान | त्रिपुरा सुन्दरी निर्माण सेवा | ४९०९५१ |
| ३०५- २०८०।३।२३ नपा पुजिगत | गिटककाे घर देखी रामचन्द्र भुज र कधइ | जि एस कन्ट्रक्सन | ८७४६१७ |

| | | | |
|---|---|---|---|
| | पासी देखी शोभाकान्त पासीकाे घर सम्म ढकन सहितकाे पक्की नाली निर्माण | | |
| ३०६- २०८०।३।२३ नपा पुजिगत | गाेलपार्क देखी दक्षिण प्रीतरामकाे खेत सम्म माटोपटान तथा ग्राभेल निर्माण समेत ३ योजना | पाठक निर्माण सेवा | ८५८९७७ |
| ३०४- २०८०।३।२३ नपा पुजिगत | राम वकसकाे घर देखी सरजु नदी सम्म माटाेपटान तथा ग्राभेल | निरौला बिल्डर्स | ६९५३५३ |
| जम्मा | | | ११३००५७१ |

सैद्धान्तिक बेरुजु

२६ **बीमा व्यवस्था नभएको -** बिमा ब्यबस्था नभएकोः सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण ब्याबसायीलाइ निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खन्ड वा अंशमा उपनियम (२ )मा उल्लेख भएको कारण बाहेकअन्य जुनसुकै कारणबाट हुने सबै हानि नोक्सानी वा क्षतिको पुर्णप्रतिश्थापन खर्च समेट्ने गरि निर्माण ब्याबसायीले बिमा गराउनुपर्ने ब्यबस्था छ। पालिकाले यस बर्ष निम्नानुसारका २० लाख भन्दा बढि सम्झौता रकमको ठेक्का ब्यबस्थामा समेत बिमा ब्यबस्था गरेको नदेखिएकोले निर्माण कार्यमा हुन सक्ने जोखिम र क्षतिको पुर्णप्रतिश्थापन खर्च प्राप्त हुनबाट बन्चित देखिन्छ। नियमावलीको ब्यबस्था अनुसार निर्माण कार्य तथा तेस्रो पक्षको समेत बिमा गराउनुपर्दछ।

| ठेक्का नम्बर | निर्माण कार्य | निर्माण ब्याबसायीको नाम | सम्झौता रकम |
|---|---|---|---|
| १३- २०७९।८० | ४ काेठे भवन निर्माणकाे ने . रा . शम्भुशरण मा . वि | कोन्छयोग सोम निर्माण सेवा | २९९३८५४ |
| १२- २०७९।८० | कृष्णसार आ . वि . खैरीकाे २ काेठे भवन निर्माण | रविन कन्ट्रक्सन | २९८७८९६ |

| | | | |
|---|---|---|---|
| १०- २०७९।८० | ४ कोठे भवन कोटेही मा . विको भवन निर्माण | दुर्गा कन्स्ट्रक्सन | ५९५६४४६ |
| ८- २०७९।८० | हिमाली आ . वि . चौगुर्जीको चार कोठे भवन निर्माण | डि. पि . निर्माण सेवा | ५९११५५४ |
| ७- २०७९।८० | जानकी मा . विको चार कोठे भवन निर्माण | गणेश बाबा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा . लि . | ५९६१४९० |
| जम्मा | | | २३८११२४० |

सैद्धान्तिक बेरुजु

२७ **विद्यालयको भौतिक निर्माण -** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७९।०४।१७ को मन्त्रीस्तरबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा स्थानीय तहबाट सञ्चालन हुने सशर्त अनुदानका कार्यान्वयन प्रकृया एवमं मापदण्ड तोकेको छ ।जसअनुसार विद्यालयको भौतिक निर्माण कार्यका लागि स्थानीय तहको प्राविधिकको सहभागितामा विद्यालय अनुसार लागत अनुमान स्वीकृत गरी विद्यालयबाट अनुसूची-८ अनुसारको भौतिक निर्माण कार्य समय तालिका पेश गर्न लगाई भाद्र मसान्त भित्र स्थानीय तहले विद्यालयसँग सम्झौता गरी सम्झौता भएका विद्यालयहरुलाई निर्माण कार्यको अनुगमन निरिक्षण स्थानीय तहका प्राविधिकबाट गर्ने गराउने व्यवस्था मिलाई सम्झौता पश्चात दोस्रो किस्ताको रुपमा ५० प्रतिशत र काय सम्पन्न भए पश्चात नापि किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्तो रुपमा कुल अनुदानको बाँकी २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसूची- ८ मा दिइएको ढाँचामा विद्यालयबाट निर्माण समयतालिका अनुसार विद्यालयहरुले आर्थिक वर्षको जेष्ठ मसान्तसम्म कार्य सम्मन्न गरी सो को जानकारी स्थानीय तहलाई र शिक्षा विकास तथा समन्वय इकाईलाई दिनुपर्ने व्यवस्था छ । भवन निर्माण सम्पन्न गर्न विद्यालयहरुले असार १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी एक प्रति स्थानीय तह र एक प्रति सम्वन्धित विद्यालयमा राखुपर्ने व्यवस्था छ ।पालिकाले उक्त व्यवस्था बमोजिमको विद्यलयसंग सम्झौता नगरी उक्त योजना निर्माण ब्याबसायिबाट गराएकोमा आर्थिक बर्ष भित्र कार्य सम्पन्न नभइ अधुरो रहेको देखियो। यस्तो कार्यमा नियन्त्रण गरी कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया अनुसार बिद्यालयसँग सम्झौता गरी आर्थिक बर्षभित्र खर्च नभएको रकम संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने ब्यबस्थाको समेत पालना गर्नुपर्दछ।

| योजनाको नाम | निर्माण ब्याबसायिको नाम | सम्झौता रकम | कार्य सम्पन्न म्याद | यस बर्ष सम्मकार्य मुल्यांकन |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४ काेठे भवन निर्माणकाे ने . रा . शम्भुशरण मा . वि | कोन्छयोग सोम निर्माण सेवा | २९९३८५४ | २०८०।३।३० | २८६०५५९ |
| म. क . दे . मा . विकाे ४ कोठे भवन निर्माण | बर्मा कन्ट्रक्सन | ५७४५०१४ | २०८०।३।३० | ४४२६७२९ |
| कृष्णसार आ . वि . खैरीकाे २ काेठे भवन निर्माण | रविन कन्ट्रक्सन | २९८७८९६ | २०८०।३।२५ | १७५६९७३ |
| ४ काेठे भवन काेटही मा . विकाे भवन निर्माण | दुर्गा कन्स्ट्रक्सन | ५९५६४४६ | २०८०।३।२५ | ४५१५१३२ |
| हिमाली आ . वि . चाैगुर्जीकाे चार काेठे भवन निर्माण | डि. पि . निर्माण सेवा | ५९११५५४ | २०८०।३।३० | ४६७०३९७ |
| जानकी मा . विकाे चार काेठे भवन निर्माण | गणेश बाबा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा . लि . | ५९६१४९० | २०८०।३।२५ | ४३०३९६० |
| जम्मा | | २९५५६२५४ | | २२५३३७५० |

सैद्धान्तिक बेरुजु

---

२८ **बैठक भत्ता -** अर्थ मनत्रालय खर्च मापदन्ड निर्देशिका २०७७ बमोजिम कार्यालय समयमा बसेको बैठक र कार्यालयको प्रतिनिधि मात्र भएको बैठकको भत्ता तथा नियमित प्रकृतिकोअनगमनमा भत्ता उपलब्ध नगराउने ब्यबस्था भएकोमा पालिकाले निम्नानुसार कार्यालय समय दिनको २ बजे बोलपत्र खोलेको समयको बैठक भत्ता तथा नियमित प्रकृतिको अनुगमनको भत्ता भुक्तानी गरेको देखिएकोले नपाउने भत्ता कर बाहेक असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु

| गो भौ मिति | बिबरण | भुक्तानी पाउने | कर बाहेकको रकम |
|---|---|---|---|
| ४०- २०८०।२।३ संघिय पुजिगत | बाेलपत्र टेन्डर खाेलेकाे भत्ता | ७ जना | ८९२५ |

| | | | |
|---|---|---|---|
| ४८- २०८०।३।७ संघिय पुजिगत | नागरिक आवासकाे अनुगमन | ६ जना | ४५९०० |
| १६७- २०८०।२।३ नपा पुजिगत | बाेलपत्र खाेलेकाे बैठक भत्ता | ८ जना | २१६७५ |
| जम्मा | | | ७६५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,५०० |

२९ **सामाजिक सुरक्षा कर -** आयकर ऐन २०५८ अनुसार ज्याला भुक्तानी रकममा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरी राजश्व दाखिला गर्नुपर्ने ब्यबस्था भएकोमा पालिकाले निम्नानुसारको भुक्तानीमा समाबेश भएको ज्याला रकममा १ प्रतिशत कर कट्टी गरेको नदेखिएकोले कर रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु

| गो भौ मिति | योजनाको नाम | भुक्तानी पाउने | ज्याला रकम | १ प्रतिशत कर रकम |
|---|---|---|---|---|
| १२- २०८०।१।१० प्रदेश पुजिगत | कृष्णसार संरक्षण क्षेत्र भित्र पानी पोखरी र घाँसे मैदान निर्माण वडा नं . २ | कृष्णसार स रक्षण क्षेब भित्र पानी पाेखरी तथा घाँसे मैदान निर्माण उ . स . | १०१४५२८ | १०१४५ |
| १६- २०८०।१।१० प्रदेश पुजिगत | कृष्णसार संरक्षण क्षेत्र भित्र पानी पोखरी र घाँसे मैदान निर्माण वडा नं . २ | कृष्णसार स रक्षण क्षेब भित्र पानी पाेखरी तथा घाँसे मैदान निर्माण उ . स . | ११४०४८० | ११४०४ |
| १३- २०८०।२।३ प्रदेश पुजिगत | संगम वस्तीको रिङरोड ग्राभेल वडा नं २ | उपभोक्ता समिति | ४०२६८० | ४०२६ |
| २४- २०८०।३।२४ प्रदेश पुजिगत | डव्वा मन्दिर परिसरमा धर्मशाला निर्माण वडा नं . ९ | उपभोक्ता समिति | ४१०३३० | ४१०३ |

| | | | | |
|---|---|---|---|---|
| ३२९- २०८०।३।२४ नपा पुजिगत | चौगुर्जी मन्दिरकाे गेट वाल निर्माण तथा माटाे पटान | उपभोक्ता समिति | ११८३३५ | ११८३ |
| ३१६- २०८०।३।२४ नपा पुजिगत | वडा नं . ६ अधुराे राधाकृष्ण मन्दिर निर्माण ( | उपभोक्ता समिति | ४३७००० | ४३७० |
| २९७- २०८०।३।२३ नपा पुजिगत | नन्कु लाेनियाकाे घर देखी खुशीराम गाेडियाकाे घर सम्म नयाँ वाटाे माटाे पटान तथा ग्राभेल | उपभोक्ता समिति | १०६३७५ | १०६३ |
| १७१- २०८०।२।७ नपा पुजिगत | वडा नं . ४ मिलन चाेक देखी भगहर ताल जाेड्ने सडक र शिविर वसन्त टाेल हुदै रामपुर जाने सडक वगही चाेक देखी सानाे वेचैपुर जाने सडक माटाे पटान तथा ग्राभेल निर्माण | उपभोक्ता समिति | ९२२३५० | ९२२३ |
| जम्मा | | | | ४५५१७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,५१७ |

३० **नदिजन्य पदार्थको रोयल्टी -** लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि -६ बमोजिम तराइका जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा,ग्राभेल प्रति क्युव फिट रु ८ र माटो संकलनमा प्रति क्युव फिट रु ३ का दरले शुल्क लगाइ असुल गरीने ब्यबस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उतखनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुलउपर गर्नुपर्ने ब्यबस्था छ।पालिकाभित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने माटो ,ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नगर्दा यस बर्ष स्थानिय सरकारको राजश्व रु २५७९११९ घटी असुल हुन गएको रु

| गो. भौ . मिति | योजनाको नाम | निर्माण सामाग्री | भुक्तानी पाउने | परिमाण घनमिटर | रोयल्टी रकम मु अ कर समेत |
|---|---|---|---|---|---|
| १३- २०८०।२।३ प्रदेश पुजिगत | संगम वस्तीको रिङरोड ग्राभेल वडा नं २ | ग्राभेल | उपभोक्ता समिति | ५८६ | १८६६९३ |
| २९८- २०८०।३।२३ नपा पुजिगत | वडाकाे विभिन्न ठाउमा माटाे पटान तथा ग्राभेल निर्माण ( | ग्राभेल | उपभोक्ता समिति | २६० | ८२९२२ |
| ३०२- २०८०।३।२३ नपा पुजिगत | वडा नं. १ हुलाकी सडक देखी चक्रेकाे घर तथा लाेकेन्द्र वि . ककाे जग्गा देखी स्कुल सम्म जाने वाटाे ग्राभेल | ग्राभेल | उपभोक्ता समिति | ७४५ | २३७६०३ |
| | | माटो | | २०९ | २४९९६ |
| ३२६- २०८०।३।२४ नपा पुजिगत | वडा नं . ३ सञ्जय राइस मिल देखी वनकट गाउँ हुदै सर्जुनदी जाेड्ने वाटाे तथा वनकट गाउँका भित्रि वाटाहरु ग्राभेल निर्माण | माटो - अन्तिम बिल | उपभोक्ता समिति | १२०० | १४३५१९ |
| | | माटो - दोस्रो बिल | | ९०० | १०७६३९ |
| २८४- २०८०।३।२२ नपा पुजिगत | भेटेनरी देखी उत्तर रिङरोड सन्तोषी टाेल जाेड्ने सडक ग्राभेल | गिटी , बालुवा र ग्राभेल | उपभोक्ता समिति | १८२ | ५८०४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६२- २०८०।३।१९ नपा पुजिगत | न विभाग देखी हरि पाठकको घर सम्म माटो पटान तथा ग्राभेल | ग्राभेल | उपभोक्ता समिति | १८५ | ५९००२ |
| २६३- २०८०।३।१९ नपा पुजिगत | खालेपुरका भित्रि बाटोहरु माटो पटान तथा ग्राभेल | ग्राभेल | उपभोक्ता समिति | १७७ | ५६४५० |
| १७१- २०८०।२।७ नपा पुजिगत | वडा नं . ४ मिलन चोक देखी भगहर ताल जोड्ने सडक र शिविर वसन्त टोल हुदै रामपुर जाने सडक वगही चोक देखी सानो वेचैपुर जाने सडक माटो पटान तथा ग्राभेल निर्माण | ग्राभेल सबबेश | उपभोक्ता समिति | २४०० | ७६५४३५ |
| १६२- २०८०।२।२ नपा पुजिगत | सानो विक्रि गाउँको जनक राम थारुको घरदेखी उत्तर ठुलो विक्रिको मुल सडक सम्मको सडक ग्राभेल निर्माण | ग्राभेल सबबेश | उपभोक्ता समिति | १७५ | ५५८१२ |
| १९९- २०८०।२।२५ नपा पुजिगत | वडा नं . २ भगहर टोल देखी मुक्त | ग्राभेल सबबेश | उपभोक्ता समिति | १५०० | ४७८३९७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | कमैया जैनपुर सम्म जाने वाटाे ग्राभेल | | | | |
| जम्मा | | | | | २२५६५१३ |

| | |
|---|---|
| अनियमित भएको | २२,५६,५१३ |

३१ **बिमा ब्यबस्था र भुक्तानी** (३३-२०८०-१-२१):- ठेक्का नम्बर- २ (२०७९।८०) गुलरिया नगरपालिका वडा नं ८ को काेठिया गाउँ भित्र जाने सडक कालाेपत्रे तथा नाली निर्माण संघिय समपुरक योजनाको रु ३८०५०२५८।७१ कार्य २०८०।३।३० सम्म कार्य सम्पन्न गर्नेगरी बर्दिया ब्लक बक कन्ट्रक्सन प्रा.लिसँग २०७९।९।११ मा सम्झौता भइ यस बर्ष दोस्रो बिल सम्मको रु १२८०३४२५ कार्य मुल्यांकन तथा भुक्तानी भएकोमा निम्नानुसार देखियो ।

(क). बिमा ब्यबस्था र भुक्तानीः सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण ब्याबसायीलाइ निर्माणस्थलसुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खन्ड वा अंशमा उपनियम (२ )मा उल्लेख भएको कारण बाहेकअन्य जुनसुकै कारणबाट हुने सबै हानि नोक्सानी वा क्षतिको पुर्णप्रतिश्थापन खर्च समेट्ने गरि निर्माण ब्याबसायीले बिमा गराउनुपर्ने ब्यबस्था छ। ठेक्का नं २-२०७९।८० को बर्दिया ब्लाक वक कन्स्ट्रक्सन प्रा.लीलाइ २०८०।३।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०७९।९।११ मा सम्झौता भइ प्रथम विलको रु ५८४१५७२ मुल्यांकन गरी भुक्तानी गर्दा बिमा बापतको रु ५ लाख भुक्तानी गरेकोमा संलग्न सानिमा जि .आइ. सि .लिमिटेडको सन २०२३।५।२ अर्थात बि.स.२०८०।१।१९ को बिमालेख अनुसार सोही मितिदेखी लागु हुनेगरी सन् २०२४।५।१ सम्मको तेस्रो पक्षको रु १४०२० र निर्माण कार्यको सन् २०२२।१२।२६ अर्थात २०७९।९।११ देखि सन् २०२३।७।१५ सम्मको रु १००७०७ प्रिमियम तिरेको बिजक पेश गरी रु ५ लाख भुक्तानी लिएको देखियो। सम्झौता अनुसार कार्य सुरु हुनेबेला नै २०७९।९।११ देखि त्रुटि सच्चायने अवधि २०८१।३।३० सम्म बिमा गरी भुक्तानी लिनु पर्नेमा बि.स.२०८०।१।१९ को बिमालेखबाट सो भन्दा अगाडी २०७९।९। ११ देखि लागुहुने गरी निर्माण कार्यको बिमा शुल्क भुक्तानी गर्न मिल्ने देखिदैन। त्यसै गरी पालिकाले बिमा बापतको रकम लमसममा रु १ लाख ५० हजार राखेकोमा निर्माण ब्याबसायिले ५ लाख कबोल गरी बिमा कम्पनीलाइ भुक्तानी गरेको बास्तबिक लागत रु ११४७२७ भन्दा बढि रु ३८५२७३ निर्माण ब्याबसायिलाइ भुक्तानी गरेको देखियो। निर्माण ब्यबाबसायिले फ्रन्टलोडिङका कारण सम्झौता अनुसारको कार्य सम्पन्न गरे नगरेको एकिन गरी बढि भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८५,२७३ |

३२ **जिल्ला दररेट भन्दा बढिमा खरिद -** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११ मा निर्माण सामाग्रीको लागत अनुमान जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने ब्यबस्था छ। उपभोक्ता समितिबाट गराउने कार्यमा उपभोक्ताले र पालिकाले सुचिकृत फर्मबाट सोझै खरिद गर्दा जिल्ला दररेट भन्दा बढि नहुने गरी खरिद गर्नुपर्दछ। नमुना छनौटको आधारमा परिक्षणगर्दा निम्नानुसारका उपभोक्ता समिति र पालिका आफैले सुचिकृत फर्मबाट सोझै खरिद गर्दा २०७९।८० को स्वीकृत जिल्ला दररेट भन्दा बढि दरमा निर्माण सामाग्री खरिद गरेको देखिएकोले जिल्ला दररेटभन्दा बढि दरमा खरिद गरेको मु.अ.कर समेतको रकम असुल गर्नुपर्ने रु

| गौ.भौ.मिति | योजनाको नाम | निर्माण सामाग्री र परिमाण | जिल्ला दररेट मु अ कर बाहेक प्रति र. मि . | सप्लायर्सको नाम | खरिद दर मु अ कर बाहेक | बढि भुक्तानी मु अ कर समेत |
|---|---|---|---|---|---|---|
| ३२६-२०८०।३।२४ नपा पुजिगत | वडा नं. ३ सञ्जय राइस मिल देखी वनकट गाउँ हुदै सर्जुनदी जोड्ने वाटो तथा वनकट गाउँका भित्रि वाटाहरु ग्राभेल निर्माण | एन. पि. श्री. ह्युमपाइप ९०० एम एम -६० र. मि. | ११७०७ | कृष्णसार पोल एन्ड पाइप इन्डष्ट्रीज प्र लि | १३१८५ प्रति र मि | १००२०८ |
| | | एन. पि. श्री. ह्युमपाइप ४५० एम एम -४० र. मि. | ५३०२ | कृष्णसार पोल एन्ड पाइप इन्डष्ट्रीज प्र लि | ६२२२ प्रति र मि | ४१५८४ |
| ८६-२०७९।१२।१ | हेमपाइप खरिद तथा जडान | एन. पि. श्री. ह्युमपाइप ६०० एम एम -४५ र. मि | ६९८२ | कृष्णसार पोल एन्ड पाइप इन्डष्ट्रीज प्र लि | ७३०० प्रति र मि | १६१७० |
| | | एन. पि. श्री. ह्युमपाइप ९०० एम | ११७०७ | | १२२३० प्रति र मि | ११८१९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | एम -२० र. मि | | | | |
| | | एन. पि. थ्री. ह्युमपाइप ४५० एम एम - ३२.५ र. मि. | ५३०२ | | ५५२० प्रति र मि | ८००६ |
| ३११-२०८०।३।२३ नपा पुजिगत | हेमपाइप खरिद तथा जडान | एन. पि. थ्री. ह्युमपाइप ६०० एम एम - १० र. मि. | ६९८२ | कृष्णसार पोल एन्ड पाइप इन्डष्ट्रीज प्र लि | ७२०० प्रति र मि | २४६३ |
| ३०२-२०८०।३।२३ नपा पुजिगत | वडा नं. १ हुलाकी सडक देखी चक्रेकाे घर तथा लाेकेन्द्र वि.ककाे जग्गा देखी स्कुल सम्म जाने वाटाे ग्राभेल | एन. पि. थ्री. ह्युमपाइप ६०० एम एम - ३५ र. मि. | ६९८२ | संगम कन्क्रीट उत्पादन प्रा लि | ७१६१।७१ प्रति र मि | ७१०७ |
| १७६-२०८०।२।९नपा पुजिगत | पण्डितपुर सगमबस्ती मिलनटाेल र विचपरि गाउकाे भित्रि बाटाहरु | एन. पि. थ्री. ह्युमपाइप ६०० एम एम - २२.५ र. मि | ६९८२ | कृष्णसार पोल एन्ड पाइप इन्डष्ट्रीज प्र लि | ७२०० प्रति र मि | ५५४२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मर्मत र हेम पाइप खरिद | एन. पि. श्री. ह्युमपाइप ४५० एम एम - २५ र. मि | ५३०२ | | ५४०० प्रति र मि | २७६८ |
| २१५-२०८०।३।६ नपा पुजिगत | पहलमान वलिको घर देखी पुर्व कर्ण वहादुर वलिको घरसम्म माटाे पटान तथा ग्राभेल | एन. पि. श्री. ह्युमपाइप ४५० एम एम - १० र. मि | ५३०२ | संगम कन्क्रीट उत्पादन प्रा लि | ५५३१ प्रति र मि | २५८७ |
| जम्मा | | | | | | १९८२५४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९८,२५४ |

३३ **उपभोक्ता समितिको लागत भन्दा बढि मुल्यांकन -** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले कार्य सम्पन्न पश्चात प्राबिधिक मुल्यांकनसाथ खर्च पुष्टी हुने बिलभर्पाइ त्यस्तो समितिबाट अनुमोदन गराइ पेश गर्नुपर्ने ब्यबस्था छ। प्राबिधिक मुल्यांकन साथ उपभोक्ता समितिले पेश गरेका बिल भर्पाइ परिक्षण गर्दा प्राबिधिक मुल्यांकन अनुसार खपत भएको परिमाणको दर बिश्लेषणको दर भन्दा घटी दरमा निर्माण सामाग्री खरिद गरेको देखिएकोमा पालिकाले भुक्तानीमा घटि खरिदको अनुपातिक कट्टी गरेको नदेखिएकोले उपभोक्ता समितिले लागत नबेहोरेको रकम भुक्तानी गर्न मिल्दैन। उपभोक्ता समितिले खरिद नगरी मुल्यांकनमा समाबेश भएको रकमको उपभोक्ताको अंश कट्टी गरी असुल गर्नुपर्ने रु

| गो.भौ.मिति | योजनाको नाम | निर्माण कार्य र सामाग्री मुल्यांकन परिमाण | उ.स. ले खरिद परिमाण | घटि परिमाण | बढि मुल्यांकन | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४८-२०८०।१।१९ | वडा नं. ९ खालेपुर्वा वि.ओ.पि देखी | सबबेस ग्राभेल -९४० घ .मि. दर | ढुवानी समेत प्रति घ मि रु | घटि प्रति घ मि दर रु १४९ | १४००६० | १२०२०६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्तर तर्फ सर्जु नदी हुदै प्रयागपुर जाे सडक ग्राभेल निर्माण | बिक्षेषण अनुसार ढुवानि समेत प्रति घ .मि .रु २०२५ ले मुल्यांकन | १८७६ ले खरिद | | | |
| १७१- २०८०।२।७ | मिलन चाेक देखी भगहर ताल शिशिर बसन्त टाेलकाे बाटाे माटाे पटान तथा ग्राभेल | सबबेस ग्राभेल -१८७४ घ .मि. दर बिक्षेषण अनुसार ढुवानि समेत प्रति घ .मि .रु २०२५ ले मुल्यांकन | ढुवानी समेत प्रति घ मि रु १७९० ले खरिद | घटि प्रति घ मि दर रु २३५ | ४४०३९० | ३८०४४२ |
| १६-२०८०।३।२६ बिबिध सडक बोर्ड | | ग्राभेल -७६९ घ .मि. दर बिक्षेषण अनुसार ढुवानि समेत प्रति घ .मि .रु २०२५ ले मुल्यांकन | ढुवानी समेत प्रति घ मि रु १८०० ले खरिद | घटि प्रति घ मि दर रु २२५ | १७३०२५ | १५५६७० |
| जम्मा | | | | | | ६५६३१८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५६,३१८ |

३४ **कर्मचारीबाट अमानतमा कार्यः -** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९८ अनुसार सार्बजनिक निकायले अमानतमा काम गर्न एक तह माथिको अधिकृतको पुर्व स्वीकृत लिइ कामको लागी आबश्यक पर्ने निर्माण सामाग्री खरिद ऐन र नियमावलीको प्रकृया बमोजिम खरिद गरी ज्यालामा दिन सकिने ब्यबस्था भएकोमा नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले निम्नानुसार कर्मचारीबाट ठाडो भर्पाइमा निर्माण सामाग्री खरिद गरी कार्य गरेको कार्य मुल्यांकन गरी सोधभर्ना दिएको देखियो। यस्तो कार्य नियन्त्रण गरीनु पर्दछ।

| गो . भौ . मिति | योजनाको नाम | भुक्तानी पाउने कर्मचारी | रकम |
|---|---|---|---|
| ३०९- २०८०।३।२३ नपा पुजिगत | इन्द्रपुरमा रहेकाे मल्लाह टाेलमा माटाे पटान तथा ग्राभेल | रुपमती चौधरी | ९६५६९ |
| ३१०- २०८०।३।२३ नपा पुजिगत | जगदिश रैदासकाे घरदेखी मरिथान जानेबाटाेमा माटाे पटान | अ स . इ . चन्द्र बहादुर चौधरी | ९६५६९ |
| ३१२- २०८०।३।२४ नपा पुजिगत | वनकट गाउँमा रामकुमार यादवको घर अगाडीको मन्दिर मर्मत | अ स . इ . चन्द्र बहादुर चौधरी | ९८९०४ |
| २९१- २०८०।३।२२ नपा पुजिगत | वडा कार्यालय भवनमा पुर्वाधार निर्माण | बिनोद भुसाल | ३५००० |
| जम्मा | | | ३२७०४२ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **रोयल्टी -** पालिकाले वडा नं १ को १० नं गाँउ र १६ नं गाँउ भित्रका सडकहरु निर्माण कार्यको माटो पटानी बापत ४०२ क्यू मि लाई ४८० क्यू मी माटो खरिद गरेको भनी प्रयोग भएकोमा सो बापतको रोयल्टी बापत भुक्तानी भएको रु ५०८०३ पालिकालाई तिरेको प्रमाण पेश नभएकोले स्थानिय सरकारको राजश्व घटि असुल भएको रु

| | |
|---|---|
| अनियमित भएको | ५०,८०३ |

३६ **उपभोक्ता समितिको अग्रीम करः -** आयकर ऐन २०५८ अनुसार उपभोक्ता समितिलाई ५० लाख रुपैया भन्दा बढिको भुक्तानीमा १.५ प्रतिशत अग्रीम कर कट्टी गरी भुक्तानी दिनुपर्ने ब्यबस्था भएकोमा पालिकाले निम्नानुसारको ५० लाख भन्दा बढीको भुक्तानीमा उपभोक्ता समिति सँग अग्रीम कर कट्टी गरेको नदेखिएकोले अग्रीम कर रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु

| गो भौ मिति | योजनाको नाम | भुक्तानी रकम | अग्रीम कर रकम |
|---|---|---|---|
| ३२६- २०८०।३।२४ नपा पुजिगत | वडा नं . ३ सञ्जय राइस मिल देखी वनकट गाउँ हुदै सर्जुनदी जाेड्ने वाटाे तथा वनकट गाउँका भित्रि वाटाहरु ग्राभेल निर्माण | ५५०५९१८ | ८२५८९ |
| १९९- २०८०।२।२५ नपा पुजिगत | वडा न ं. २ भगहर टाेल देखी मुक्त कमैया जैनपुर सम्म जाने वाटाे ग्राभेल | ५५८८०६४ | ८३८२१ |
| ७- २०८०।३।५ बिबिध | | ५९९४२५३ | ८९९१४ |
| जम्मा | | | २५६३२४ |

| असुल गर्नुपर्ने | २,५६,३२४ |
|---|---|

३७ **प्राविधिक बिल र कार्य सम्पन्नः -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष बिभिन्न निर्माण सामाग्री खरिद गरी मागको आधारमा बितरण तथा उपभोक्ता समितिलाइ निर्माण सामाग्री खरिदको मात्र लागत अनुमान तयार गरी सामाग्री खरिद बिल र पालिकाका बिभिन्न स्थानहरुमा नागरिकको माग अनुसार बितरण गरेको वडा सिफारिसको आधारमा कार्य सम्पन्न मानी बिभिन्न सप्लायर्स तथा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। पालिकाले लागत सहभागिता र ज्याला खर्च सहितको लागत अनुमान, प्राबिधिक मुल्यांकन तथा कार्य सम्पन्न तयार गरेको देखिएन्। यसरी खरिद तथा बितरणको आधारमा भुक्तानी गर्दा निर्माण सामाग्रीको दोहोरो उपयोग देखाइ रकम हिनामिना तथा दुरुपयोग हुन सक्ने हुदा खरिद तथा बितरण गरिएका निर्माण सामाग्रीको ज्याला सहितको कार्य मुल्यांकन तथा उपयोगको प्रमाण पेश हुनुपर्ने रु

| गो. भौ . मिति | निर्माण सामाग्रीको बिबरण | सप्लायर्स/ भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ३११- २०८०।३।२३ | एन. पि . श्री . ह्युमपाइप ६०० एम एम - १० र . मि . | कृष्णसार पोल एण्ड पाईप इण्डष्ट्रीज प्रा . लि . | ८१३६० |
| ८६- २०७९।१२।१ | एन. पि . श्री . ह्युमपाइप ६०० एम एम - ४५ र . मि . | कृष्णसार पोल एण्ड पाईप इण्डष्ट्रीज प्रा . लि . | ८५०३२५ |
| | एन. पि . श्री . ह्युमपाइप ९०० एम एम - २० र . मि . | | |
| | एन. पि . श्री . ह्युमपाइप ४५० एम एम - ३२ . ५ र . मि . | | |
| १४७- २०८०।१।१९ | कृषि पाेल खरिद ४६ वटा | त्रिपुरा सुन्दरी निर्माण सेवा | ४९०९५१ |
| जम्मा | | | १४२२६३६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,२२,६३६ |

३८ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, व्यबस्था छ। पालिकाले निम्नानुसार वडा कार्यालयको बजेट बिनियोजन बाट निम्नानुसारका जिन्सी सामाग्री खरिद गरी बिभिन्न बिद्यालयमा हस्तान्तरण गरेको भनी सप्लायर्सलाइ भुक्तानी गरेकोमा खरिद गरिएका जिन्सि बिद्यालयको खप्ने जिन्सि खातामा दाखिला गरी जिन्सिको बार्षिक मौज्दातमा समाबेश भएको प्रमाण पेश नभएको रु

| गो भौ मिति | जिन्सी सामाग्रीको नाम | बिद्यालयको नाम | भुक्तानी पाउनेे सप्लायर्स | रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २३९- २०८०।३।११ | दराज- १ , अफिस टेबुल - १ र रिभल्विङ कुर्सि - १ | भादा प्रा . वि . | ज्ञवाली सप्लायर्स | ५०००२ |
| २४८- २०८०।३।१५ | काठको कुर्सि - ४ , काठको टेबुल - ४ , स्टील दराज - १ , काठको र्याक - २ , कार्पेट र प्रीफर्म १२० मिटर | हिमाली आ . वि | अफिस फर्निचर उद्योग | १४८१९९ |
| १७९- २०८०।२।९ | रिभल्विङ कुर्चि - २ , अफिस दराज - १ , लकर दराज - १ , टेबुल - १ , प्लाष्टीक कुर्सि - ६ | जगन्नाथ गरुबाबा आ . वि | ज्ञवाली सप्लायर्स | ९८९८८ |
| जम्मा | | | | २९७१८९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९७,१८९ |

३९ **समपुरक योजनालाई पुनः ठेक्का -** समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को बुदा नं ९(१) अनुसार समपुरक योजना जुन आयोजना र कार्यक्रमको लागि प्राप्त भएको हो सोहि आयोजना र कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै सोही बुदाको उपबुदा नं २ अनुसार समपुरक योजनामा प्राप्त बजेट उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था रहेको छ । पालिकाले आ व २०७८।७९ को लागि संघीय समपुरक योजनाबाट तुलापुर चोक, बेद बहादुरको के.सी.को घर देखि प्रेम प्रसाद पोखेलको घरहुदै रम्भापुर सडक जोड्ने सडक नाली निर्माण तथा सडक कालोपत्रे(शहरी सडक) वार्ड न. ४ को लागि बजेट प्राप्त गरी त्यसको(NCB ०१.०७८.७९) लागि रु. ४२२७८१६७ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा महादेव खिम्ति अन्जना यादव जे भी रु.२५४८२१०६ कवोल गरेको हुदा रकम बचत भएको भनी पुनः अर्को ठेक्का (NCB ०३.०७८.७९)को लागि रु.१५३३३३३२९.८२ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा मार्क कन्ट्रक्सन ले रु ९५८३७७२ कवोल गरेको र पुनः रकम बचेको भनी राजेन्द्र प्रसाद धिताल घरसम्म बाटो कालोपत्र कार्य गरेको भनी गो भौ नं २९।०७९।३।२२ बाट कालोपत्रे सडक निर्माण उ स वडा नं ४ लाई रु. ४९८४६१५ भुक्तानी भएको साथै महादेव खिम्ति अन्जना यादव जे भी लाई यस आ व मा गो भौ नं १९४।०८०।२।२१ बाट दोस्रो रनिङ्ग विल बापत रु ४६९६०१३ र मार्क कन्ट्रक्सनलाई गो भौ नं ५४।०७९।९।२८ बाट दोस्रो रनिङ्ग बापत रु १६९००७१ र गो भौ नं २९४।०८०।३।२६ बाट रु ७५२५६९ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्ना निम्नानुसारको व्यहोरा देखियो ।

क) समपुरक योजनामा विनियोजन भएको बजेट बाट रकम बचत भएको भनी अर्को ठेक्का आव्हान गरी खर्च लेखेको हुदा कार्यविधि विपरित कुनै एक कामको लागि लागत अनुमान तयार गरी कम कवोल गरेको भनी अर्को कार्यको लागि रकम खर्च

गर्ने कार्य भएको हुदा अर्को ठेक्कामा NCB ०३.७८.७९ को लागि मार्क कन्ट्रक्सनलाई गो भौ नं ३८।०७९।३।२५ बाट रु. ८६८२३६ भएको खर्च संघिय सरकारबाट समर्थन गराई प्रमाण पेश गर्नपर्ने रु

ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८(१ ) अनुसार कुनै खरिद कारवाहीमा भाग लिने प्रयोजनको लागि बोलपत्रदाताहरुले एक संयुक्त उपक्रम वनाई बोलपत्र पेश गर्न सक्ने व्यवस्था रहेको छ । साथै सोहो नियमको उपनियम ६ अनुसार कुनै संयुक्त उपक्रम खरिद सम्झौताको लागि छनौट भएमा सम्वन्धित सार्वजनिक नियकाले त्यस्तो संयुक्त उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्वर र मूल्य अभिबृद्धि कर दर्ता गर्न लगाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले अर्कै प्रयोजनमा का लागि २०७६।६।५ मा दर्ता भएको महादेव खिम्ती। अन्जना। यादव जे.भी. लाई आ व २०७८।७९ को २ वटा ठेक्का NCB ०१.७८.७९( तुलापुर चोक देखी को.ले.नि.का जाने सडक कालाेपत्रे निर्माण) र NCB ०२.०७८.७९ (वडा नं. १० रामनगर चोकदेखी टेलिकम टावर जाने भित्री सडक कालाेपत्रे निर्माण) को लागि मिति २०७८।९।२९ मा सम्झौता गरी कार्यदेश दिएकोमा पालिकाले खरिद नियमावली बमोजिम कुनै खरिद कारवाहीमा भाग लिनको लागि संयुक्त उपक्रमको निर्माण गरी ठेक्का प्रकृयामा भाग लिएको उक्त उपाक्रम खरिद सम्झौताको लागि छनौट भए पछि स्थायी लेखा नम्वर र मू अ करमा दर्ता गर्न लगाई कार्यदिश दिनुपर्ने सो नगरी पहिले नै अर्कै कामको लागि दर्ता भएको संयुक्त उपाक्रम सँग सम्झौता गरी कार्यदिश दिई कार्य गराउने कार्य अनियमित भएकोले पालिकाले यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

ग) समपुरक योजनामा विनियोजन भएको रकमबाट उपभोक्ता समितिलाई भुक्तानी दिन नमिल्ने हुदा पालिकाले राजेन्द्र प्रसाद धिताल घरसम्म बाटो कालोपत्र कार्य गरेको भनी गो भौ नं २९।०७९।३।२२ बाट कालोपत्रे सडक निर्माण उ स वडा नं ४ लाई रु. ४९८४६१५ भुक्तानी दिई अनियमित भएको हुदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६८,२३६ |

---

४० **सुपरभाइजर को तवल भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले बिल भरपाई सहित लेखा राख्ने र सो औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले

कुन साइटको लागि सुपरभाइजर राखेको हो सो को प्रमाण बेगर २ जना सुपर भाइजर मासिक रुपमा विभिन्न योजनाबाट एक आर्थिक वर्षमा एक जनालाई रु.२७४४२६ गरी २ जनालाई बार्षिक रुपमा रु. ५४८८५२ खर्च गरेको छ । पालिकाले कति प्राविधिक कमि भएको हो सो को आधारमा सुपरभाइजर राखी भुक्तानी दिनुपर्ने सो नगरी गत विगत वर्ष देखि नै सुपरभाईजर राखी तलव भत्ता भुक्तानी भएको छ । स्वीकृत दरबन्दी बेगर बर्षौ देखि करारमा राखि खर्च लेखेको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,४८,८५२ |

---

४१ **वडा नं. २ जैनपुर गाउँको भित्री सडक कालोपत्रे सडक र नाली निर्माण**

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। १। ७ को निर्णयबाट रु २५०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

---

४२ **वडा नं १२ पण्डितपुर प्रतिक्षालय देखि हेल्थपोष्ट सम्म जाने सडक कालोपत्रे** (१५९-२०८०-२-२)ः- पालिकाले वडा नं १२ पण्डितपुर प्रतिक्षालय देखि हेल्थपोष्ट सम्म जाने सडक कालोपत्रे निर्माणको लागि जनश्रमदान सहित रु. ८६३४६८४.५८ को लागत अनुमान तयार गरी कालोपत्रे सडक निर्माण उपभोक्त समितिसँग सम्झौता गरी कार्यदेश दिएकोमा गो भौ नं ६१।०७९।१०।५ बाट रु. ५०५३५५४ र गो भौ नं १५९।०८०।२।२ बाट रु. २९४११४७ गरी कुल रु. ७९९४७०१ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) लुम्विनि प्रदेशले जनश्रमदान बापत न्यूनतम १० प्रतिशतका दरले जनश्रमदान गर्नुपर्ने निर्णय गरेकोमा पालिकाले माथी उल्लेखित कार्यको लागि ४ प्रतिशत मात्र जनश्रमदान व्यहोर्ने गरी कार्यदेश दिई भुक्तानी भएकोमा कम जनश्रमदान भएको हुदा आगामी दिनमा प्रदेशको निर्णय अनुसार श्रमदान व्यहोर्ने गरी कार्य गराउनपर्दछ ।

ख) नमर्स भन्दा बढी भुक्तानी : सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेतको सेक्सन १३००- BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति बर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने र प्रि मिक्स को अधिकतम् २० एम एम मोटाई दिन सकिने व्यवस्था रहेको छ । पालिकाले वडा नं १२ पण्डितपुर प्रतिक्षालय देखि हेल्थपोष्ट सम्म जाने सडक कालोपत्रे कार्यमा प्रि मिक्स तथा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी प्रिमिक्समा ४० एम एम भुक्तानी दिएको देखियो।पालिकाले माथी उल्लेखित कार्यको लागि प्रिमिक्स २० एम एम मोटाइ को दरले ४९.५५ क्यू मि भुक्तानी दिनुपर्नेमा ९९.१ क्यू मि को भुक्तानी दिई बढी भुक्तानी भएको ४९.५५@१५८५८.३७ को दरले भुक्तानी दिई बढी रु. ७८५७८२ व्ययभार पारेको देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८५,७८२ |

---

४३ **वडा नं १० टेलिकम टावरदेखी दक्षिण सिमा प्रहरी चौकीजाने वाटो तथा पश्चिम रामनगरसम्म जानेवाटो स्तरवृद्धि कालोपत्रे तथा पक्की नाली निर्माण -** NCB ०२.०७८.७९: पालिकाले आ व २०७८।७९ को लागि प्रदेश समपुरक योजना अन्तर्गत वडा नं १० टेलिकम टावर देखी दक्षिण सिमा प्रहरी चौकी जाने वाटो तथा पश्चिम रामनगरसम्म जानेवाटो स्तरवृद्धि कालोपत्रे तथा पक्की नाली निर्माणको लागि रु ३९१३००१९०४ को लागत अनुमान तयार गरी गरी ठेक्का आव्हान गरेकोमा रु. २३२४५३५४.२३ कवोल गर्ने महादेव खिम्ती अन्जना यादव जे भी(प्यान नं ६१२०४०१५७) सँग मिति २०७९।३।३० मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।९।२९ मा सम्झौता गरी कार्यदेश दिएकोमा २०७८।१०।१० मा पालिका र प्रदेश समपुरक बजेट बाट क्रमसः रु. ४८००००० र ४१००००० गरी रु. ८९००००० भुक्तानी भएकोमा आ व २०७८।७९ मा प्रथम रनिङ्ग विल बापत रु. प्रदेश समपुरक योजनाबाट रु. १९५३६०४ भुक्तानी भएको र त्यसपछि कुनै कार्य प्रगति नभएको तथा म्याद थप समेत लमसममा खरिद नियमावलीको संशोधनको आधारमा म्याद थप भएको श्रेष्ता को परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) निर्माण कार्य नैअगाडि नबढेको अवस्थामा गत बर्ष विमा बापत रु. ३००००० भुक्तानी भएको देखिएकोले कार्य बेगर नै विमाको रकम भुक्तानी दिने कार्य नियमसम्मत देखिएन।

ख) पेश्की जमानतको अवधी सकिएको तथा म्याद थप नभएको र कार्य प्रगति नभएको अवस्थामा पेश्की बापत भुक्तानी भएको बिगतको पेश्की रु. ८९००००० जोखिममा देखिन्छ। नियमानुसार पेश्की रकम बैंक जमानतबाट असुल गरी पछ्यौट पर्नुपर्दछ।

ग) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(क) अनुसार म्याद थपको लागि निवेदन पेश नै नगरेको अवस्थामा नगरसभाबाट २०८०।३।३० सम्म म्याद थप गरेकोमा लेखापरिक्षण अवधि सम्म समेत कुनै कार्य प्रगति नभएको देखिएकोले सोहि नियमको उपनियम ५ बमोजिम माथी तोकिएको अवधिसम्म कार्य नगरेकोमा नियम १२० को उपनियम(११) अनुसार पुर्वनिर्धारित क्षतिपुर्ति लिइ कार्य सम्पन्न गराउनुपर्दछ।

घ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०क(७) अनुसार यो नियम प्रारम्भ हुदाको बखत नियम १२० बमोजिम म्याद थपको लागि निवेदन नपरेको र कार्यस्थलमा ६ महिना देखि सम्झौता बमोजिम कुनै पनि कार्य नगरेका निर्माण व्यवसायीको खरिद सम्झौताको म्याद थप नगर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्य नगर्ने निर्माण व्यवसायीलाई नगर सभाले नियमावली विपरित म्याद थप गरेको उपयुक्त देखिए

ङ) उक्त निर्माण व्यवसायी २०७६ सालमा मू.अ.करमा दर्ता भएकोमा हालसम्म समेत आय विवरण आन्तरिक राजस्व कार्यालयमा नवुझाएको देखिएकोले प्रथम रनिङ्ग विल बापत भुक्तानीको क्रममा मु अ कर बापत भुक्तानी भएको रु. २२४७५० को मू अ कर समायोजन गरेको पत्र पेश हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **वडा नं १ को १० नं गाउ र १६नं गाँउ भित्रका सडकहरु निर्माण -** पालिकालाई वडा नं १ को १० नं गाँउ र १६ नं गाँउ भित्रका सडकहरु निर्माण कार्यको लागि रु. ८८३३४०७ को लागत अनुमान तयार गरी कालोपत्रे सडक निर्माण उपभोक्ता समितिसँग सम्झौता गरी गो भौ नं ६०।०७९।१०।५ बाट रु.४७७८६८९ र गो भौ नं १२७।०८०।१।३ बाट रु. ३४५६३११ गरी कुल रु. ८२३५००० भुक्तानी दिएको श्रेष्त परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) नमर्स भन्दा बढी भुक्तानी : सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेतको सेक्सन १३००- BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति बर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने र प्रि मिक्स को अधिकतम् २० एम एम मोटाई दिन सकिने व्यवस्था रहेको छ । वडा नं १ को १० नं गाँउ र १६ नं गाँउ भित्रका सडकहरु कालोपत्रे निर्माण कार्यमा प्रि मिक्स तथा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी प्रिमिक्समा ४० एम एम भुक्तानी दिएको देखियो।पालिकाले माथी उल्लेखित कार्यको लागि प्रिमिक्स २० एम एम मोटाइ को दरले ६६ क्यू मि भुक्तानी दिनुपर्नेमा १३२ क्यू मि को भुक्तानी दिई बढी भुक्तानी भएको ६६ @१५८५५.३७ को दरले रु १०४६४५४ बढि ब्ययभार पारेको देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १०,४६,४५४ |

४५ **सख्खनको घरदेखी पुर्व चेतराम चमारको घरसम्म पिसिसि ढलान -** पालिकाले सख्खनको घरदेखी पुर्व चेतराम चमारको घरसम्म पिसिसि ढलान गर्नको लागि रु १२९८५३८ को लागत अनुमात तयार गरी सख्खन तेलीको घरदेखी पुर्व चेतराम चमारको घरसम्मको सडक पि.सि.सि.नि.उ.स.गुलरिया ११ ले कार्यसम्पन्न गरेको आधारमा गो भौ नं ९७।०७९।१२।१२ बाट रु ११८६१७६ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) एक्साभेसन कार्य मेसिन प्रयोग गरी गरेकोमा म्यानूअल रुपमा रुपमा कटिङ्ग भएको भएको भनी २७ क्यू मी कटिङ्गको प्रति क्यू मी ३५० बढी हुने गरी भुक्तानी दिई बढी भुक्तानी भएको रु ९४५० असुल गरी दाखिला गर्नुपर्ने रु

ख) ब्रिक मेसिनरी (१:४) को २० क्यू मि कार्य गरेको भनी भुक्तानी भएकोमा १११८६ पिस इट्टाको भुक्तानी भएकोमा ११००० पिस इट्टाको मात्र विजक पेश भएको हुदा १८६ पिसको प्रति पिस १४ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु२६०० असुल गरी दाखिला गर्नुपर्ने रु

ग) स्टोन सोलिङ्ग ७४ क्यू मि गरेको भनी ८२ क्यू मि ढुङ्गाको भुक्तानी भएकोमा ढुङ्गको रोयल्टी बापतको रु२२९७५ असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,०२५ |

४६ **२०७१ सालको बाढि पिडित अनुदानः -** निजी आवास पुनर्निर्माण अनुदान बितरण सम्बन्धि कार्यबिधि २०७३ को दफा ६ मा अनुदान सम्झौता र बित्तिय प्रबन्ध उल्लेख गरेको छ। अनुदान सम्झौता भएका लाभग्राहीहरुलाइ प्रथमकिस्ता बापत रु ५० हजार उपलब्ध गराइ जग र प्लिन्थ सम्मको कार्य सम्पन्न गर्नुपर्ने ,पहिलो किस्ताको प्राबिधिक प्रतिबेदन सहित दोस्रो किस्ताबापत प्लिन्थ भन्दामाथी गाह्रो, झ्याल ढोकाको चौकोस राख्ने देखि छाना छाउनु पुर्वको तह सम्मको कार्य सम्पन्न गर्न रु १ लाख पचास हजार रुपैया उपलब्ध गराउनुपर्ने र दोस्रो किस्ताको कार्य सम्पन्न गरी प्राबिधिकबाट प्रतिबेदन सहित तेस्रो किस्ताको रकम भुक्तानिको लागी सिफारिस प्राप्त भएपछि तेस्रो तथा अन्तिम किस्ता बापत रु १ लाख पचास हजार रुपैया उपलब्ध गराउनुपर्ने र सो रकमबाट लाभग्राहीले छाना छाउने , शाैचालय निर्माण गर्ने र बैकल्पिक उर्जा प्रयोग गरी बत्ति जडान गर्ने लगायतका बाकी कार्य सम्पन्न गराउनुपर्ने ब्यबस्था छ। दफा ११ मा अनुदान सम्झौता पुर्व कुनै लाभग्राही स्वयंले शाैचालय सहितको आवास निर्माण गरीसकेको र प्राबिधिकबाट प्रमाणिकरण भएको अबस्थामा अनुदानको रकम एकमुष्टरुपमा उपलब्ध गराउन सकिने ब्यबस्था छ। दफा ७ मा लाभग्राहीले जुन प्रयोजनका लागी अनुदान उपलब्ध गराएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा त्यस्तो अनुदानको रकम सम्बन्धित डिभिजन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाइले फिर्ता गराउने ब्यबस्था छ। यस पालिका अन्तर्गतका बाढिपिडित मध्ये यस बर्ष १६३८ जनालाइ किस्तास्वरुप रु ५६५१३४५६ अनुदान रकम उपलब्ध गराएकोमा कार्यबिधि अनुसार कति लाभग्राहीले कार्यबिधिले तोकेको मापदन्ड अनुसार शाैचालय सहितको आवास निर्माण गरीसकेको र प्राबिधिकबाट प्रमाणिकरण भएको एकिकृत बिबरण लेखापरिक्षणमा पेश नभएबाट अब कति लाभग्राहीले कति अनुदान पाउन बाकी छ र आवास निर्माण गर्न कतिको बाकी छ सो एकिन हुन सकेन। यसरी अनुदान रकम थप गर्दैजाने कार्य बन्द गरी निजी आवास पुनर्निर्माण अनुदान बितरण सम्बन्धि कार्यबिधि २०७३ को दफा ६ मा तोकेको अनुदान सम्झौता र बित्तिय प्रबन्ध अनुसार छनौट भएका लाभग्राहीको अनुगमन गरी हाल सम्म कुनै लाभग्राही स्वयंले शाैचालय सहितको आवास निर्माण गरीसकेको र प्राबिधिकबाट प्रमाणिकरण भएको अबस्थामा अनुदानको बाकी रकम एकमुष्टरुपमा उपलब्ध गराउने तथा लाभग्राहीले जुन प्रयोजनका लागी अनुदान उपलब्ध गराएको हो सोही प्रयोजनमा खर्च नगरी हाल सम्म आवाश निर्माण गराएको नपाइएमा त्यस्तो अनुदानको रकम सम्बन्धित लाभग्राहीबाट असुलउपर गराउने तर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुपर्ने देखिन्छ।

| गो भौ मिति | बिबरण | संख्या | रकम |
|---|---|---|---|
| २७ - २०८०।१।१२ | तेस्रो किस्ता | १४९८ | ४९४३४००० |
| २७- २०८०।१।१२ | दोस्रो किस्ता | १०१ | २७६९७२३ |
| ४२- २०८०।२।१६ | छुट तेस्राे किस्ता | ७ | २३१००० |
| ५५- २०८०।३।२२ | छुट तेस्राे किस्ता | ३ | ९९००० |
| ५६- २०८०।३।२२ | २०७१ को वाढीपिडित मध्ये २९ जना घरपरिवार | २९ | ३९७९७३३ |
| जम्मा | | १६३८ | ५६५१३४५६ |

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **माटो फिलिङ कार्यमा बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । गो. भौ .३०८ मिति २०८०।३।२३ विभिन्न वडामा आवश्यकता अनुसार सडक ग्राभेल माटाे पटान तथा फुटपाथ निर्माण बाट खर्च लेखि कृष्णसार ताल तथा अन्य स्थानमा माटाे पटान एबम ग्राभेल उ.स.लाइ माटो पटान तथा ग्राभेल कार्यको रु २३८५१८७ मुल्यांकन गरी रु २०२७४०९ भुक्तानी गरेकोमा उपभोक्ता समितिले बाहिरबाट माटो खरिद तथा ढुवानी गरी १७२.८० घनमिटर माटो फिलिङ गरेबापत प्रति घनमिटर रु ७५६।८७ ले रु १३०७८७ मुल्यांकन गरी भुक्तानी गरेकोमा संलग्न बिलमा उपभोक्ता समितिले बाहीरबाट माटो खरिद गरेको नदेखिएको उपभोक्ता समितिले निसान क्रसर उद्योग प्रालिको एक्साभेटर ६६ घन्टा प्रयोग गरी इम्बैंकमेन्ट निर्माण कार्य मुल्यांकन भएको देखिदा फिलिङ कार्यमा उपभोक्ताले माटो बाहिरबाट खरिद नगरी सोही योजनामा एक्साभेसन गरेको प्रयोग गरेकोले माटो खरिद बापतको रु ६९१२० को उपभोक्ता समितिको अंश कट्टी गरी रु ५८७५२ असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ५८,७५२ |
|---|---|

४८ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । कार्यालयले वडाकार्यालय तर्फका गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । वडा कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको देखियो । नमुना छनौट गरी लेखापरीक्षण गर्दा वडा कार्यालयले खरिद गरेका निम्नानुसार जिन्सी सामान पालिकाको PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्ने रु

| गो भौ मिति | जिन्सी बिबरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २२३- २०८०।३।७ | अफिस टेबुल - १ , वाल फेन - ३ | ज्ञवाली सप्लायर्स | ३३५६१ |
| | इन्भटर ब्याट्री - २ | बागेश्वरी अर्डर एन्ड सप्लायर्स | ६०११६ |
| २२४- २०८०।३।८ | स्टिल दराज - १ | भेरी स्टिल फर्निचर उद्योग | १८६४५ |

| | | | |
|---|---|---|---|
| १७४- २०८०।२।९ | कार्पेट- ३३ . ४० मिटर , वाल पंखा - १ , टेबुल - १ , सोफासेट - १ , पर्दा - ५ | ज्ञवाली सप्लायर्स | ११०५०६ |
| १५१- २०८०।१।२४ | रिभल्बिङ कुर्चि - १ | ज्ञवाली सप्लायर्स | १९२१० |
| १३१- २०८०।१।५ | प्लाष्टीक कुर्चि - १७ | ज्ञवाली प्लाष्टिक एण्ड फर्निसिङ्ग जनरल सप्लायर्स | १७२५० |
| १३१- २०८०।१।५ | एल. इ . डि . मनिटर - १ | यूनिक कम्प्यूटर्स | ९२२०८ |
| २०६- २०८०।३।४ | श्री इन वान प्रीन्टर - १ | बागेश्वरी अर्डर एण्ड सप्लायर्स | ३६१६० |
| जम्मा | | | ३८७६५६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८७,६५६ |

४९ **उपभोक्ता समितिलाई सीमाभन्दा बढीको कार्य -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार सार्वजनिक निकायले उपभोक्ता समितिलाई लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जिन्सी र जनसहभागिताको अंश समेत समावेश गरी १ करोड सम्मको कार्य उपभोक्ता समितिबाट गराउन सकिनेमा पालिकाले निम्नानुसारको कार्यको लागत अनुमान १ करोड भन्दा माथी भएको कालोपत्रे जस्तो जटिल कार्य समेत उपभोक्ता समितिबाट गराएको पाइयो। नियमावलीको सिमा भन्दा बढिको कार्य खरिद कानून अनुसार गराउनुपर्दछ ।

| गो भौ नं र मिति | निर्माण कार्य | उपभोक्ता समिति | लागत अनुमान (मू अ कर, कन्टिन्जिन्सी र ओभरहेड सहित) | कुल भुक्तानी(जनश्रमदान, कन्टिन्जिन्सी , मू अ कर र ओभरहेड बाहेक) |
|---|---|---|---|---|
| ६१ र १५९।०८०।२।२ | वडा नं १२ पण्डितपुर प्रतिक्षालय देखि हेल्थपोष्ट सम्म जाने सडक कालोपत्रे | कालोपत्रे सडक नि.उ.स.गुलरिया १२ | ११३९७७८३.६४ | ७९९४७०१ |

| | | | | |
|---|---|---|---|---|
| ६० र १२७।०८०।१।३ | वडा नं. १ को १० नं. गाउँ र १६ नं. गाउँ भित्रका सडकहरु कालोपत्रे सडक निर्माण | कालोपत्रे सडक निर्माण उ.स.गुलरिया १ | ११६६००९७.१३ | ८२३५००० |
| १११ र २६१।०८०।३।१९ | वडा नं. ११ नेपाल भारत सिमानावाट उत्तर आउने कालोपत्रे सडक निर्माण साथै डाडालालपुर कृष्ण यादवको घरदेखी हिमालय आ.वि जाने सडकमा नाली निर्माण | भारत सिमाना देखी उत्तर हिमालय प्रा.वि. जाने कालो पत्रे सडकको दाँया बाँया पक्की नाला नि.उ.स. | १०९६२७५२.७२ | ७९०९६३४ |
| १०४ र | वडा नं. २ जैनपुर गाउँको भित्री सडक कालाेपत्रे सडक र नाली निर्माण | जैनपुर गाँउ भित्रि बाटाेमा पक्की नाली नि.उ.स.गुलरिया २ | ११६८४४११ | ७९०७३७४ |
| जम्मा | | | | ३२०४६७०९ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **मुल्यांकनको दर भन्दा घटि दरमा खरिदः -** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मुल्यांकन बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले उपभोक्ताले खरिद

गर्ने निर्माण सामाग्रीको स्थानिय बजारको मुल्यलाइ बिचार गरी ढुवानिको उपयुक्त लिड तोकी दर बिश्लेषण गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले दर बिश्लेषणमा समाबेश गरेको निर्माण सामाग्रीको मुल्य भन्दा घटि दरमा खरिद गरेको हुदा बास्तबिक लागत भन्दा बढि दरले मुल्यांकन भएको देखियो। उपभोक्ता समितिले लागत अनुमान र दर बिश्लेषणमा समाबेश भएको दररेट भन्दा घटि दरमा निम्नानुसारका निर्माण सामाग्री खरिद गर्दा उपभोक्ताको लागत भन्दा बढि मुल्यांकन भइ बढि भुक्तानी भएको रकम बढि ब्ययभार पारेको रु

| गो. भौ . मिति | योजनाको नाम | निर्माण सामाग्री | दर बिश्लेषण र मुल्यांकन दररेट | खरिद दरमु . अ कर समेत | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| ३२६-२०८०।३।२४ नपा पुजिगत | वडा नं . ३ सञ्जय राइस मिल देखी वनकट गाउँ हुदै सर्जुनदी जाेड्ने वाटाे तथा वनकट गाउँका भित्रि वाटाहरु ग्राभेल निर्माण | ग्राभेल-१०५ घ . मि . अन्तिम बिल | १८०० | ११३० | ५९७९८ |
| | | ग्राभेल-१०६० घ . मि . दोस्रो बिल | १८०० | १६०० | १८०२०० |
| २८३-२०८०।३।२२ नपा पुजिगत | विद्युत टाेलकाे चाेककाे लाल टाइगरकाे घरदेखी सनराइज स्कुल सम्म एक तर्फ नाली समेत ग्राभेल निर्माण | ग्राभेल-५० घ . मि . | १८०० | १५०० | १५००० |
| जम्मा | | | | | २५४९९८ |

| | |
|---|---|
| अनियमित भएको | २,५४,९९८ |

---

५१ **मेशिन प्रयोगको कर बिजक र अग्रीम कर -** उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्नेगरी सम्झौता भएको सबबेश , ग्राभेल , माटो पटान र इम्बैंकमेन्ट निर्माण काममा प्रयोग हुने मेशिन भाडामा लिइ नियमानुसार लगबुक राखि मेशिन मालिकको कर बिजक पेश गरी नियमानुसार कट्टी गर्नुपर्ने अग्रीम कर समेत कट्टी गरी भुक्तानी गर्नुपर्ने जिम्मेबारी सम्बन्धित उपभोक्ता समितिको हुनेमा यस बर्ष उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गरेका योजना नमुना छनौट गरी परिक्षण गर्दा निम्नानुसारको योजनामा प्रयोग भएको ग्रेडर ,जे .सि. बि ., पानी ट्याकीको मेशिन प्रयोगको कर बिजक पेश नगरी टाडो भर्पाइमा मेशिनको भाडा बुझाइ स्वीकृत दर बिश्लेषण अनुसारको परिमाण भन्दा बढि परिमाणको इन्धनको बिल तथा ज्यालाको भर्पाइ पेश गरेको देखियो। जसबाट बास्तबिक मेशिनको कार्यको कर बिजक पेश नभइ आयकर ऐन २०५८ को दफा ८८ अनुसार कर बिजक पेश नगरेको मेशिनको भाडा भुक्तानीमा १५ प्रतिशत अग्रीम कर कट्टी नगरेको अबस्था देखियो। मेशिन प्रयोगको मुल्यांकन अनुसारको कर बिजक पेश नभइ निम्नानुसार ठाडो भर्पाइ रकमको १५ प्रतिशत अग्रीम कर असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु

| गो भौ मिति | योजनाको नाम | मेशिन कार्य | मेशिन भाडाको भर्पाइ रकम | इन्धन परिमाण र बिल रकम | मेशिन भाडाको अग्रीम कर रकम |
|---|---|---|---|---|---|
| ३२६-२०८०।३।२४ नपा पुजिगत | वडा नं . ३ सञ्जय राइस मिल देखी वनकट गाउँ हुदै सर्जुनदी जाेड्ने वाटाे तथा वनकट गाउँका भित्रि वाटाहरु ग्राभेल निर्माण | जेशिनबाट जग खन्ने र इम्बैंकमेन्ट निर्माण तथा ग्राभेल कम्प्याक्सन कार्य अन्तिम बिल | २६३८५४ | डिजल- ४७३० लि रु ७०००७५ | ३९५७८ |
| | | जे सि बि रोलर ग्रेडर दोस्रो बिल | १०४००० | डिजल- रु १०६६४९७ | १५६०० |
| ३२७-२०८०।३।२४ नपा पुजिगत | बिभिन्न सडक ग्राभेल र माटो फिलिङ वडानं १० | पानी ट्यांकी . ग्रेडर , रोलर र जे सि बि | ९६००० | डिजल- १७५१ लि रु २५९२०१ | १४४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९९-२०८०।२।२५ नपा पुजिगत | वडा न ं. २ भगहर टाेल देखी मुक्त कमैया जैनपुर सम्म जाने वाटाे ग्राभेल | पानी ट्यांकी . ग्रेडर , रोलर | ८०००० | डिजल-५१९६ लि रु ८६०००० | १२००० |
| १४८-२०८०।१।१९ नपा पुजिगत | वडा नं . ९ खालेपुर्वा वि . ओ . पि देखी उत्तर तर्फ सर्जु नदी हुदै प्रयागपुर जाे सडक ग्राभेल निर्माण | पानी ट्यांकी . ग्रेडर , रोलर | २४२५०० | डिजल-३१५७ लि रु ५५४१३९ | ३६३७५ |
| १४६-२०८०।१।१४ नपा पुजिगत | वडा ५ बालापुरमा झाेलुङ्गेपुल जाने ग्राभेल सडक | पानी ट्यांकी . ग्रेडर , रोलर | ७२००० | डिजल-५७० लि रु १०००२८ | १०८०० |
| ७-२०८०।३।५ बिबिध सडक बोर्ड | | रोलर ग्रेडर | ३३०००० | डिजल-९१९७लि रु १४९८३३९ | ४९५०० |
| १३-२०८०।३।२६ बिबिध सडक बोर्ड | | पानी ट्यांकी . ग्रेडर , रोलर | ९५००० | डिजल-४७२९लि रु ७०००२० | १४२५० |
| १५-२०८०।३।२६ बिबिध सडक बोर्ड | | पानी ट्यांकी . ग्रेडर , रोलर | ९३७५० | डिजल-४७२९लि रु ६९९८७३ | १४०६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६-२०८०।३।२६ बिबिध सडक बोर्ड | | पानी ट्यांकी . ग्रेडर , रोलर | ११२५०० | डिजल-४७३०लि रु ७०००२१ | १६८७५ |
| जम्मा | | | | | २२३४४१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२३,४४१ |

५२ **भ्रमण खर्चमा बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायका पदाधिकारीहरुलाई निम्नानुसार भ्रमण खर्च भुक्तानी गर्दा स्पष्ट काम र भ्रमण प्रतिबेदन बेगर कार्यालयको कामकाज भनी भ्रमण खर्च भुक्तानी दिएको पाइयो । स्पष्ट काम र भ्रमण प्रतिबेदन बेगर भुक्तानी गरेको नियमित देखिदैन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३ **ज्यालादारी कर्मचारीलाई चाडपर्व खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।

पालिकाले देहायबमोजिम ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई दैनिक रुपमा तोकिएको ज्यालामात्र भुक्तानी गर्नुपर्नेमा सोबाहेक चाडपर्व खर्चबापत भुक्तानी गरेको देखिएकोले बढि रकम रकम असुली गर्नुपर्ने रू

| गो.भौ.नं.।मिति | व्यहोरा | रकम |
|---|---|---|
| ४।२०७९।५।२९ | न.पा. सरसफाई तर्फका २९ कर्मचारी | ४५९००० |
| ३७।२०७९।६।१३ | वडातर्फका सरसफाई कर्मचारीहरू | २२४००० |
| ४९।२०७९।६।२५ | असोक चौधरी | १६००० |

| | | |
|---|---|---|
| ७(कृषि, पशुतर्फ) | गंगा परियार | ३२९०२ |
| | जम्मा | ७३१९०२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३१,९०२ |

५४ **करार कर्मचारीलाई राशन भत्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कानुन बमोजिम राशन सुबिधा पाउने भनी तोकिएका पदहरुका स्थायी कर्मचारीलाइ मात्र भुक्तानी गर्नुपर्नेमा पालिकाले कार्यपालिकाको निर्णय गरी करार तर्फका देहाय बमोजिम कर्मचारीलाई राशन भत्ता बापत यस वर्ष रु. २४९६०० खर्च लेखेको छ । यसरी कानुन बेगर करार कर्मचारीलाइ भुक्तानी गर्ने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा दिन नमिल्ने रकम असुल गर्नुपर्ने रु

| नाम | पद | राशन भत्ता |
|---|---|---|
| शरिफ अहमद जोलाहा | दमकल चालक | ६२४०० |
| ईसरत अलि पठान | ह.स.चा. | ६२४०० |
| असोक राई | दमकल सिपाई | ६२४०० |
| प्रविण चौधरी | दमकल सिपाई | ६२४०० |
| जम्मा | | २४९६०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४९,६०० |

५५ **बैठक भत्ता -** लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४ (ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४ (ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयको नियमित क्रियाकलापसंग सम्वन्धित विषयवस्तुमा समेत बैठक वसी बैठक भत्ता भुक्तानी गरेको देखियो , कर्मचारी कार्यसम्पादन मुल्याङ्कन समिति तथा विभिन्न खरिद समितिहरुको वैठकमा सहभागिहरुलाई बैठक भत्ता भुक्तानी कार्य नियन्त्रण गर्नुपर्दछ। केहि उदाहरण निम्न छन।

| गो.भौ.नं/मिति | विवरण | रकम |
|---|---|---|
| १४३।२०७९।८।१६ | सहायक कर्मचारीहरूको का.स.मु. मुल्याङ्कन समितिको बैठक | ३६००० |
| ३५८।२०७९।११।१९ | सिलवन्दी वोलपत्र र दरभाउपत्र खोलेवापतको भत्ता | ३४५०० |
| ६५९।२०८०।१।२६ | खरिद इकाई समितिको वैठक भत्ता | २५००० |
| ६६६।२०८०।१।२९ | पशुबीमा मुल्याङ्कन समितिको बैठक | १९५०० |

सैद्धान्तिक बेरुजु

५६ **नर्म्सभन्दा बढी दरमा भुक्तानी** - अर्थ मन्त्रालयद्वारा जारी कार्यसंचालन निर्देशिका २०७७ अनुसार सार्वजनिक निकायले कुनै कार्यक्रम संचालन गर्दा कार्यविधिले तोके अनुसारको दरमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिका मातहतमा संचालित निम्नानुसारको कार्यक्रमहरूमा तोकिएको दरभन्दा बढी भुक्तानी गरी पालिकालाई बढी व्ययभार परेको नियमित देखिएन।

| भौ नं मिति | कार्यक्रम | संचालनकर्ता।भुक्तानी पाउने | भत्ताको प्रकार | दिनुपर्ने | दिएको | बढी रकम कर बाहेक |
|---|---|---|---|---|---|---|
| २३।२०७९।६।६ | अनलाईन राजस्व प्रणाली तालिम | पदाधिकारी।कर्मचारी | सहभागी भत्ता | - | १२८००० | १२८००० |
| ४४५।२०७९।१२।०५ | मेलमिलाप संचालन तथा व्यवस्थापन | कपिल घिमिरे | अनुगमन | - | ९००० | ९००० |
| | मेलमिलाप संचालन तथा व्यवस्थापन | कपिल घिमिरे | सहभागी भत्ता | १७५०० | ५६००० | ३८५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मेलमिलाप संचालन तथा व्यवस्थापन | भविन्द्र अधिकारी | प्रशिक्षक | २४००० | ४८००० | २०४०० |
| | मेलमिलाप संचालन तथा व्यवस्थापन | बाबुराम पौडेल | प्रशिक्षक | २४००० | ४८००० | २०४०० |
| ५२४।२०७९।१२।२३ | कर्मचारी तनाव व्यवस्थापनका लागि १ दिने कार्यक्रम | भोला ओडारी | प्रशिक्षक | ६००० | २४००० | १५३०० |
| ५७३।२०८०।१।७ | करदाता शिक्षा कार्यक्रम | कर्मचारी | प्रशिक्षण कर्मचारीबाट | - | ४५०० | ३८२५ |
| | करदाता शिक्षा कार्यक्रम | कर्मचारी | अनुगमन कर्मचारीबाट | - | २००० | १७०० |
| ६२६।२०८०।१।१५ | वालविवाह न्युनिकरण तथा मानवबेचविखन रोकथाम सम्बन्धी कार्यक्रम | कर्मचारी | प्रशिक्षण कर्मचारीबाट | - | ९००० | ७६५० |
| | " | | अनुगमन | - | ८००० | ६८०० |
| जम्मा | | | | | | २५१५७५ |

सैद्धान्तिक बेरुजु

५७ **कानुनी सल्लाहकार तथा प्रेस सल्लाहकार नियूक्ति -** लुम्बिनी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, सल्लाहकार राख्न पाउने व्यवस्था नगरेको साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख भएको अवस्थामा पालिकाले कानुनी सल्लाहकार तथा प्रेस सल्लाहकार नियूक्ति गरी रु. ४८००००

भुक्तानी भएको छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ तथा प्रदेश सरकारले तयार गरेको कानूनमा व्यवस्था नभएको अवस्थामा पालिकाले कर्मचारी भर्ना गरी कानून विपरित भुक्तानी गरेको रु

| नाम | पद | वार्षिक भुक्तानी |
|---|---|---|
| संजिव कुमार कर्ण | कानुनी सल्लाहकार | २४०००० |
| ज्योती पन्थी | प्रेस सल्लाहकार | २४०००० |
| | जम्मा | ४८०००० |

| | |
|---|---|
| अनियमित भएको | ४,८०,००० |

५८ **सवारी साधन भाडा -** अर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ बमोजिम भुक्तानी दिंदा रित पुगे नपुगेको चेक जाँच गरि भुक्तानी दिने व्यवस्था छ। पालिकाले गो भौ नं मितिबाट जिल्ला दररेट र स्वीकृत दर बेगर गाडि प्रयोगको पुष्टी हुने प्रमाण बेगर सवारी भाडामा खर्च लेखेकोमा आगामी दिनमा दररेट स्वीकृत गरी मितव्ययी तवरले खरिद विधि अनुसार भुक्तानी गर्नुपर्दछ।

| भौ नं. मिति | व्यहोरा | रकम |
|---|---|---|
| १७।२०७९।६।४ | जिप भाडामा विभिन्न मितिमा | ४८००० |
| ५३।२०७९।६।२५ | जिप भाडामा विभिन्न मितिमा | ३६००० |
| २०१।२०७९।९।६ | जिप भाडामा विभिन्न मितिमा | ७५००० |
| २११।२०७९।९।११ | जिप भाडामा विभिन्न मितिमा | २५००० |
| | जम्मा | १८४००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९ **मुल्य अभिबृद्धि कर -** ✂.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। १। ७ को निर्णयबाट रु.४१९९११।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **छात्रबृत्ति वितरण -** गो भौ ७ मिति २०७९।१२।२१ गुलरिया नगरपालिका वडा नं ४ त्रिबेणी टोलमा स्थायी बसोबास गर्ने कृष्ण प्रसाद गौतमको छोरा रुपक गौतमले इन्जिनियरिङ उच्च अध्ययन स्नातकोत्तर गर्न स्थानिय सरकारको सहयोगको आर्थिक अपेक्षा सहित आफ्ना सम्पुण कागजात राखि निबेदन पेश गरेको भनी नगर कार्यपालिकाको २०७९ चैत्र ५ को निर्णयबाट इन्जिनियरिङ अध्ययन सस्थान पुल्चोक ललितपुरलाइ आबश्यक पर्ने रु ६१३२७५ भैपरि बिबिध शिर्षकबाट भुक्तानी गरेकोमा पालिकाको बिबिध खाताको गोश्वारा भौचर ६ मिति २०७९।१२।२१ बाट नै बिबिध बैंक खातानम्बर ४१४०१००३०५०१०००२ खातामा राष्ट्रीय बाणज्य बैंकको चेक नम्बर ७१६८४५७०७२६८४५७० को रकम कृष्णप्रसाद गौतमको नामबाट रु ६१३२७५ रकम जम्मा गरी प्रयोजनबेगर आम्दानी गरेको देखियो। पालिकाले इन्जिनियरिङ अध्ययन सस्थानमा उच्च शिक्षाको लागी छात्रबृत्ति प्रदान गर्न योग्य जेहन्दार बिद्यार्थि छनौट गर्ने कुनै कार्यबिधि तयार गरी छनौटको लागी सुचना माग गरी छनौट नगरेको अबस्थामा बिद्यार्थिको अभिभावक आफैले रकम जम्मा गरी कार्यपालिकाको निर्णयले छात्रबृत्ति रकम उपलब्ध गराएको उचित देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **डिटेल स्टीमेट र नापी नभएकोः -** ✂.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। १। ७ को निर्णयबाट रु.७८९६२५।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६२ **गत बर्षको बैठक भत्ता -** लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ ४ ख बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना वेगर बैठकमा भत्ता प्रदान गर्नुहुदैंन । साथै दफा ४ ग मा एउटै निकाय र अन्तरगतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठक भत्ता लिन नपाईने उल्लेख छ । पालिकाले गो. भौ. ४- १०७९।९।१३ सुरक्षित नागरीक आवास कार्यक्रम सुपरीवेक्षण अनुगमन बापत नगरप्रमुख प्रमुख प्रशासकिय अधिकृत समेत ५ जनालाइ ५/५ दिनको भत्ता रु ३७५०० भुक्तानी गरेकोमा संलग्न बैठकको माइन्युट अनुसार गत बर्ष २०७८।७९ को ४ वटा बैठक देखिएकोले गत बर्षको चालु प्रकृतिको बैठक भत्ताको भुक्तानी गत बर्ष नै गर्नुपर्ने र दायित्व जिम्मेवारी सारी भुक्तानी दिन नमिल्ने हुदा अनियमित देखिएको

| | |
|---|---|
| अनियमित भएको | २५,५०० |

६३ **आन्तरिक आय ब्यबस्थापन -** नगरपालिकाबाट स्वीकृत प्रारम्भिक बातावरणिय परिक्षण प्रतिबेदन २०७७ बमोजिम नगरपालिका क्षेत्रभित्रका ७ वटा बिक्रीघाटबाट बार्षिक उत्खनन गर्न सकिने बार्षिक ६७५३०० घनमिटर बालुवा र माटो मध्ये ९ महिनामा ८१००० घनमिटर र ६ महिनामा ५४००० घनमिटर तथा बार्षिक २८६०४९१ क्युफिट उत्खनन गरी बिक्रीबितरण गर्न सकिने ब्यबस्था अनुसार पालिकाले यस बर्षको नदिजन्य पदार्थ बालुवा संकलन उतखनन गरी बिक्री गर्न प्रथमपटक २०७९।९।१ र दोस्रो पटक २०७९।१०।१२ मा सुचना प्रकासन गरी ठेक्का ब्यबस्था गरेकोमा निम्नानुसार देखियो।

| संकलन/उत्खनन स्थान | बार्षिक परिमाण घ .मि | ९ महिनाको परिमाण घ .मि | ६ महिनाको परिमाण घ .मि | प्रथम सुचना अनुसार परिमाण क्युफिट | न्युनतम अंक बालुवा प्रति क्युफिट ८ र माटो रु ३ ले रु | दोस्रो सुचना अनुसार परिमाण क्युफिट | न्युनतम अंक रुबालुवा प्रति क्युफिट ८ र माटो रु ३ ले रु | सम्झौता रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| बिक्री घाट | ०.७ | ६७५० | ४५०० | २५००० | ४४०००००२ | १३८८८ | २४४४४२६ | ३६५०००० |
| बलापुर घाट | ५६००० | ६७५० | ४५०० | ६२५०० | | ३४७२२ | | |
| प्रयागपुर घाट बालुवा ७० प्रतिशत र माटो ३० प्रतिशत | ८४५०० | ६७५० | ४५०० | बालुवा ६२५०० र माटो ३३३३४ | | बालुवा ३४७२२ र माटो १८५१८ | | |
| भादा पुलपारी दक्षिण घाटबालुवा ८० प्रतिशत र माटो २० प्रतिशत | ८१६०० | ६७५० | ४५०० | | | | | |
| भादा पुल उत्तर घाट | ४३२०० | १०८०० | ७२०० | ७०५०० | | ४८६११ | | |
| बैरिया घाट | २०००० | ५४०० | ३६०० | ६२५०० | | ३४७२२ | | |
| जब्दी घाट बालुवा ८० प्रतिशत र माटो २० प्रतिशत | ७०००० | १३५०० | ९००० | ८७५०० | | ४८६११ | | |
| गुरुवागाँउ घाट | २५०००० | २४३०० | १६२०० | १५०००० | | ८३३३३ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ६७५३०० | ८१००० | ५४००० | ५७०८३४ | ४४०००० २ | ३१७१२७ | २४४४४२६ | ३६५०००० |

स्वीकृत प्रारम्भिक बातावरणिय परिक्षण प्रतिबेदन २०७७ बमोजिम बार्षिक २८६०४९१ क्युफिट उतखनन गरी प्रति क्युफीट रु ८ का दरले बार्षिक कुल राजश्व प्रति बर्ष न्युनतम रु २,२८,८३,९२६ असुल हुने उल्लेख गरेकोमा पालिकाले प्रथम पटक सुचना प्रकाशन गर्दा नै तोकिएको परिमाण अनुसार न्युनतम अंक कायम नगरेको र प्रचम पटक कुनै दरभाउपत्र नपरेकोमा दोस्रो पटक आधार र प्रमाण बेगर परिमाण न्युनतम अंक घटाइ सुचना प्रकाशन गरी ठेक्का ब्यबस्था गर्दा रु ३६५०००० मात्र राजश्व असुली भउको देखिन्छ जुन आइइ प्रतिबेदनले तोकेको न्युनतम रु २,२८,८३,९२६ भन्दा रु १९२३३९२६ घटि हुन आउछ।

बेदर्ता ब्यात्तिसँग ठेक्का ब्यबस्थाः मुल्य अभिबृद्धिकर ऐन २०५२ को दफा १५ मा दर्ता नभएको ब्यात्तिले कर असुल गर्न नहुने तथा स्थानिय तहले मुल्य अभिबृद्धि कर लाग्ने बस्तु बिक्री गर्दा मुल्यअभिबृद्धि कर असुल गर्नुपर्ने ब्यबस्था छ। जुन ब्यबस्था अनुसार स्थानिय तहले नदिजन्य पदार्थ बिक्री बितरणको लागी ठेक्का ब्यबस्था गर्दा स्थायि लेखानम्बर लिइ मुल्य अभिबृद्धि करमा दर्ता भएको ब्याक्ति सस्था वा कम्पनिबाट माग गरेकोमा पालिकाले संदिप स्वार गुलरियाको मुल्य अभिबृद्धि कर बाहेकको रु ३६५०००० बोलपत्र सकर गरी सकार रकम मात्र असुल गरेको देखियो।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

---

६४ **आय ठेक्का -** आय ठेक्काको लागी २०७९।६।१४ को सुचना अनुसार ७.४३५५ हेक्टर अर्थात २१९.७६ कट्टाको प्रति कट्टा रु ३००० बार्षिक रु ६६०००० ले ५ बर्षको बार्षिक बृद्धि दर ०.०७ प्रतिशितले ५ बर्षको न्युनतम रु ३७,९५,४८७।७५ अंकमा सुभारम्भ एकिकृत कृषि तथा पशुपंक्षि फर्म गुलरिया नगरपालिका -४ (११९८६२७९९) ले रु ३८३६००० सकार गरी मिति २०७९।८।१८ को सम्झौताको प्रत्येक बर्षको मंसिर १७ सम्म बार्षिक रकम बुझाउनुपर्ने ब्यबस्था अनुसार प्रथम बर्षको रु ७६७२०० र अग्रीम आयकर रु ११५०८ गरी रु ७७८७०८ समंझौताको बखत असुल गरेको देखियो। मुल्य अभिबृद्धि कर ऐन २०५३ बमोजिम प्रथम बर्षको सकार रकममा १३ प्रतिशत रु ९९७३६ मुल्य अभिबृद्धि कर असुल गर्नुपर्नेमा असुल गरेको नदेखिएकोले बाकी रकम बार्षिकरुपमा मुल्य अभिबृद्धि कर समेत र यस बर्षको अभिबृद्धि कर असुल गरी राजश्व दाखिला गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,७३६ |

---

६५ **भाषा तथा सस्कृति कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । गो भौ १० मिति २०८०।३।२४ कृष्णप्रणामी मन्दिर निर्माण उपभोक्ता समितिलाइ रु १०८५२०५ कार्य मुल्यांकनमा रु ९९६७३७ भुक्तानी गरेकोमा चद्दकोष साल काठ ०.३३ घनमिटरको रु ६९७११ मुल्यांकन गरेकोमा उपभोक्ता समितिले पेश गरेको बिलभर्पाइमा सालको काठ खरिद गरेको नदेखिएकोले उपभोक्ता समितिको लागत नपरेको रकममा उपभोक्ताको अंश कट्टी गरी बढि भुक्तानी रु ६४०२८ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,०२८ |

---

६६ **प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रम -** गो भौ १ मिति २०८०।३।२४ पालिकाले राजस्व सुधार कार्ययोजना स्थानिय राजस्व परामर्स समितिबाट गर्नुपर्नेमा परामर्सदाता एरिकम बिल्डर्स प्रा लि काठमान्डौबाट गराइ रु ४४५२०० भुक्तानी गरि प्रतिबेदन लिएकोमा पेश भएको प्रतिबेदनको ब्यहोरा अनुसार राजस्व असुलिको कार्ययोजना स्वीकृत गरी लागु गरेको देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

---

६७ **वडा नं. ९ गोडियनपुर देखी टेपरी जाने अधुरो कालोपत्रे सडक निर्माण -** पालिकाले वडा नं. ९ गोडियनपुर देखी टेपरी जाने अधुरो कालोपत्रे सडक निर्माण(NCB ०४.०७८.७९) को लागि रु २४६८४८७१ को लागत अनुमान तयार गरी रु १३०७०७७७ कवोल गर्ने ओम सत्य साइ ब्लाक जे भी सँग मिति २०७९।३।३० मा निर्माण सम्पन्न गर्ने गरी मिति ०७८।५।१३ का सम्झौता गरी कार्यदेश दिएकोमा समयमा निर्माण कार्य सम्पन्न नभएको आधारमा प्रथम पटक म्याद थपको लागि २०७९।४।६ मा पत्र लेखेको आधारमा मिति २०७९।९।३० सम्म म्याद थप भएको र त्यसपछि म्याद थप नभएकोमा मिति २०८०।१२।९ मा अन्तिम विल भुक्तानीको लागि गो भौ नं ११३।०७९।१२।२२ बाट रु ९१९५६८७ भुक्तानी दिएकोमा खरिद ऐनको बाह्ाै सम्सोधनको दफा १२० को उपदफा ३ बमोजिम पौष मसान्त देखि १२।९ सम्म ७१ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति बापत रु ४२४८०० असुल नगरी कार्य स्वीकार गरेको रु

| | |
|---|---|
| अनियमित भएको | ४,२४,८०० |

---

६८ **आन्तरिक लेखा परिक्षण प्रतिबेदन कार्यान्वयन अबस्था**

---

६८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ अनुसार आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरूजु फस्यौट गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको आन्तरिक लेखापरिक्षणबाट औंल्याएको वेरुजु लेखापरीक्षणको अवधि सम्म फछ्यौट गरेको नदेखिएकोले उक्त बेरुजु असुल फछ्यौट गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

---

६८.२ (२-२०८०-३-४):- कृषि निशर्त तर्फ के एल बि कन्ट्रक्शनलाई रु ९,९७००४/६५ भुत्तानी हुदा उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदमा रु ९९०३५३।४७ मात्र भएको देखिन्छ । उक्त फर्मले पेश गरेको बिजक रु ९,९७,००४/६५ को रहेको देखिन्छ । विजकको आधारमा भुत्तानी भएको देखिएकोले बढी भुत्तानी भएको रु ६,६५१।०० असुल उपर गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६५१ |

६८.३ (५४०-२०७९-१२-२०):- मिति ०७१/१०/५ मा र ०७१/१२/२२ मा एकै दिनको दुई दुई पटक अनुगमन भत्ता बुझिलिएको देखिएकोले २१९,५००:०० बढी भत्ता असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,५०० |

६८.४ (५१-२०८०-१-८):- भत्ता भुत्तानी हुदा मिति ०७९/१२/२३ गते बिहान ८ बजे र बेलुकी ५:३० बजे सोही बैठकको निरन्तरता भएपनि एक पटक मात्र भुत्तानी हुनु पर्नेमा २ पटक भुत्तानी हुदा रु १०,५००।०० बढी भुत्तानीअसुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५०० |

६८.५ यादव कन्स्ट्रक्शनलाई रु ८८६५३ भुत्तानी भएकोमा कार्य सम्पन्न प्रतिबेदनमा रु ८४५८५ मात्र मुल्यांकन भएको हुदा सम्पन्न प्रतिवेदनमा भन्दा बढी भुतानी भएकाे देखिएकोले रु ४०६८ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०६८ |

६८.६ (९१६-२०८०-३-१७):- अनुगमन भत्ता भुत्तानी हुदा मिति ०८०/२/९ ०८०/२/२ र ०८०/१/१ मा एकै दिनको दुई दुई पटक अनुगमन भत्ता भुत्तानी भएको हुदा रु ३३,०००।०० बढी भुत्तानी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,००० |

६८.७ (३४५ चालु-२०७९-११-१८):- आर एन. बहुउदेश्यीय कृषि फर्म गुलरिया २ बाट २४ वटा बंगुरको पाठा रु ८,०००/- को दरने खरिद गरी प्रति बंगुर १२४।९५ दुबानी खर्च गरेकोमा २३ वटा मात्र वितरण गरेको भरपाईमा देखिएकोले एक थान बगुरको पाटा को रु ८.१२४/९५ असुल उपर गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१२५ |

६९ **विद्यालय सहायक तथा विद्यालय सहयोगीलाई थप रकम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१(ख) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि प्रयाप्त प्रमाण पुगेको कुरा यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले संघीय सरकारले

विद्यालय सहायक र विद्यालय सहयोगीलाई क्रमसः १३५०० र १०००० का दरले अनुदान उपलव्ध गराएको र नेपाल सरकारले घोषणा गरेको न्यूनतम् मासिक ज्याला रु. १७३०० सम्म पालिकाले थप गरेर दिन सक्ने व्यवस्था गरेकोमा विद्यालयले आफ्नो तर्फबाट रकम थप गरी न्यूनतम् ज्याला भन्दा बढी हुने गरी विद्यालयले स्थायी गरेर तलव भत्ता , ग्रेड, महङ्गी भत्ता समेत सम्वन्धित कर्मचारीलाई भुक्तानी दिईरहेकोमा पालिकाले उक्त कुराको अनुगमन गरी दोहोरो सुविधा हुने गरी भुक्तानी दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| कर्मचारीको नाम | विद्यालयको नाम | भुक्तानी भइरहेको तलव भत्ता मासिक | पालिकाको अनुदान बार्षिक |
|---|---|---|---|
| गौतम कुमार यादव | नेपाल राष्ट्रिय शम्भुशरण मा वि | (तवल २८६१०+ ग्रेड ५७२५+कं सं थप ३४३४+ र महङ्गी भत्ता २०००)= ३९७६९ | २४००० |
| कालिराम थारु | | (तवल १७४००+ ग्रेड २९००+कं सं थप २०३०+ र महङ्गी भत्ता २०००)= २४३३० | २४००० |
| यज्ञ ब नगरकोटी | श्री महालक्ष्मी देवकोटा मा वि | (तवल ३५१२८+ ग्रेड ४३८८+कं सं थप ३८५१+ र महङ्गी भत्ता २०००)= ४५३६७ | २४००० |
| जानुक राम थारु | | (तवल २६०५३+ ग्रेड ३०२०+कं सं थप २९०७+ र महङ्गी भत्ता २०००)= ३३९८० | २४००० |
| जम्मा | | | ९६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,००० |

७० **लेखाजोखा शिक्षकलाई रकम भुक्तानी -** शिक्षा मन्त्रालयद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ अनुसार विद्यालयलाई लेखाजोखा शिक्षकलाई अनुदान बापतको रकम भुक्तानी दिन सकिने व्यवस्था गरेको देखिदैन । पालिकाले महालक्ष्मी देवकोटा मा वि लाई लेखा जोखा शिक्षकको अनुदान बापत कुलदिप श्रीवास्तवलाई मासिक ३२९०२ महङ्गि भत्ता बापत रु २००० र पोषाक खर्च बापत १०००० गरी बार्षिक रुपमा ४६१७२६ भुक्तानी दिएकोमा विद्यालयले पेश गरेको भरपाईमा उक्त व्यक्तिको हस्ताक्षर नभएको हुदा उक्त कार्यको भुक्तानी दिने प्रमाण पेश गर्ने अन्यथा भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६१,७२६ |

७१ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि २०७५ को वुदा नं ६ मा किस्ता वमोजिम गर्नुपर्ने कार्यप्रगति अनुदान उपलत्ब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीवाट उक्त रकम स्थानीय तहले असुल उपर गर्नुपर्ने व्यवस्था छ ।साथै प्राविधिकले लाभग्राहीले कार्य सम्पन्न गरेको प्रमाणीत गरी सकेपश्चात मात्र दोस्रो किस्ता भुक्तानी गर्नुपर्ने कार्यविधिमा उल्लेख भएकोमा यस पालिका अन्तर्गत शहरी बिकास बिभागबाट २०७६।७७ र २०७७।७८ मा छनौट भएका ५३० लाभग्राही मध्ये ४८२ सँग सम्झौता भइ २०७८।७९ सम्म २८० जनाले अन्तिम किस्ता प्राप्त गरेको पालिकाले जनाएको छ। यस बर्ष निम्नानुसार थप अनुदान उपलब्ध गराएको देखिन्छ।

| गो भौ मिति | बिबरण | संख्या | रकम |
|---|---|---|---|
| ३-२०७९।७।१७ | २८० घर मध्ये प्रथम किस्ता छुट भएका घरपरिवारलाइ रु ३० हजारका दरले | ३६ | १०८०००० |
| ६-२०७९।९।२१ | अन्तिम तथा दाेस्राे किस्ताकाे रकम रु २०००० का दरले | १०१ | २०२०००० |
| १०-२०७९।११।१९ | अन्तिम तथा दोस्रो किस्तारु २०००० का दरले | २५ | ५००००० |
| १४-२०७९।१२।१० | अन्तिम तथा दोस्रो किस्तारु २०००० का दरले | ३७ | ७४०००० |

| | | | |
|---|---|---|---|
| १६-२०७९।१२।१३ | प्रथम किस्ता छुट | १ | ३०००० |
| ३४-२०८०।१।२४ | अन्तिम तथा दोस्रो किस्तारु २०००० का दरले | २२ | ४४०००० |
| ३६-२०८०।१।२५ | अन्तिम तथा दोस्रो किस्तारु २०००० का दरले | ४९ | ९८०००० |
| ४७-२०८०।३।६ | दाेस्राे तथा अन्तिम किस्ता | १० | २००००० |
| जम्मा | | २८१ | ५९९०००० |

सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि २०७५ को वुदा नं ६ मा किस्ता वमोजिम गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीवाट उक्त रकम स्थानीय तहले असुल उपर गर्नुपर्ने ब्यवस्था बमोजिम हाल सम्म कार्य सम्पन्न नगर्ने लाभग्राहीको सम्बन्धमा पालिकाले अनुगमन गरी सम्बन्धित लाभग्राहीबाट असुलउपर गराउने तर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

---

७२ **आर्थिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ १४ मिति २०८०।३।२८ गुलरिया नगरपालिका वडा नं ४ टपराटोल निवासी फुलनदेबि लोधलाइ सुत्केरी अवश्थामा घरेलु हिंसाबाट पिडित भएको र राहत तथा आर्थिक सहयोग नगरेमा गम्भिर तथा मानबिय क्षति हुने भनी रु ५० हजार आर्थिक सहायता भुक्तानी गरेकोमा घरेलु हिंसाबाट पिडित भएको ब्यहोरा खुल्ने स्थानिय मुचुल्का तथा उपचारको बिल भर्पाइ पेश भएको छैन। प्रमाण राखेर मात्र सहायता बितरण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

---

७३ **आन्तरिक प्रशिक्षकलाई भुक्तानी** - कार्यसंचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार नगरपालिका स्तरमा कुनै कार्यक्रम संचालन गर्दा आन्तरिक प्रशिक्षकलाई कक्षा संचालन बापतको रकम भुक्तानी नहुने तर कार्यपत्र तयारी बापत प्रति कार्यपत्र रु ८०० का दरले भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको कार्यक्रम संचालन गर्दा आन्तरिक प्रशिक्षकलाई सो भन्दा बढि हुने गरी रकम भुक्तानी भएको हुदा उक्त रकम असुल गरि दाखिला गर्नुपर्ने रु

| गो भौ नं र मिति | कार्यक्रम | प्रशिक्षक | कक्षा संचालन | बढी भुक्तानी |
|---|---|---|---|---|
| २०।०७९।७।१५ | मातृ तथा नवजात | सुनिल पाण्डे @१५०० | ३ | २१०० |
| | | पद्मा श्रेष्ठ@१५०० | ३ | २१०० |
| | | विष्णु सापकोटा @१५०० | ३ | २१०० |
| ८२।०७९।११।१८ | उधम विकासका लागी सामाजिक परिचालन | थिर नाथ कडेल@१५०० | २ | १६०० |
| | | टोपलाल वि क | २ | १६०० |
| | | ज्ञान गोडिया | २ | १६०० |
| ११५।०७९।१२।२१ | पोषण संवेदनशिल कार्यक्रम | निशा चौधरीलाई ५ सेसन र अन्य ५ जनालाई ७ सेसनको १५०० का दरले भुक्तानी भएको | | ८४०० |
| जम्मा | | | | १९५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,५०० |

७४ **प्रति इकाई लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई व्यवस्थापन** (१३२-२०८०-१-११):- पालिकाले प्रति इकाई लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई व्यस्थापन शिर्षक अन्तर्गत कक्षा ८ को परिक्षा सचालन प्रश्नपत्र प्याकेटिङ कपि परिक्षण डाटा इन्ट्रि डाटा रुजु गरे बापत सतिश यादवलाई रु. ३४३२०० भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) प्रश्न पत्र निर्माण कार्यशालामा सहभागी भएको भनी १६ जनालाई १००० का दरले रु १६००० भुक्तानी भएकोमा त्यसको भुक्तानी दिने नर्म्स आधार पेश गर्नुपर्ने रु.

ख) प्रश्नपत्र मोडेरेशन कार्यमा संलग्न भएको भनी १६ जनलाई प्रति व्यक्ति १००० का दरले रु १६००० भुक्तानी भएकोमा सोको नम्स आधार पेश गर्नुपर्ने

ग) प्रश्नपत्र प्रुफ रिडिङ्ग बातप १० जनालाई १००० का दरले रु १०००० भुक्तानी भएकोकोमा सोको नम्स आधार पेश गर्नुपर्ने रु

घ) पुनः ईमिस मा अंक प्रविष्टि गरेकापत सतिश यादव लाई रु १३००० र लक्ष्मण चौधरीलाई १२००० गरी रु २५००० भुक्तानी भएकोमा उक्त रकम पाउने नम्स आधार पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,००० |

७५ **चल्ला वितरण - ५.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। ११। ७ को निर्णयबाट रु १२००००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७६ **मेड्पा कार्यक्रम** बिल भर्पाइ पेश नभएको- **५.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। ११। ७ को निर्णयबाट रु ३२०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७७ **पोषण संवेदनशिल कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई तथा प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले पोषण संवेदनशिल कार्यक्रमको लागि २९ थान स्ट्यान्ड फिल्टर जडान गरेको भनी स्वस्तिक बायोस्टान्ड फिल्टर एण्ड सिमेन्ट टायल उद्योगलाई गो भौ नं १५२।०८०।१।३१ बाट रु ११६८९० भुक्तानी भएकोमा मागको आधारमा नभई निर्णयको आधारमा सामान वितरण गरेको तथा त्यसबाटको प्रभाव मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो नगरी भुक्तानी दिएको हुदा पालिकाबाट प्रभाव मुल्यांकन हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७८ **खुल्ला विश्व विद्यालय** - पालिकाले शैक्षिक पहुच सुतिश्चतता अन्तर्गत खुल्ला विश्वविद्यालय संचालन गरेको भनी महालक्ष्मी देवकोटा मा वि लाई गो भौ नं १७२।०८०।२।२१ बाट रु १५२००० भुक्तानी भएकोमा विद्यालयले रेगुलर कक्षा संचालन भइरहेको अवस्थामा कुन अवस्थामा खुल्ला संचालन भएको हो सो को प्रमाणित कागजात नभएको हुदा उक्त कार्य संचालन भएको अनुगमन प्रतिबेदन पेश हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

---

७९ **बैठक भत्ता -** कार्यसंचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार कानूनमा व्यवस्था रहेको समितिको मात्र बैठक भत्ता भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं १५०।०८०।१।२९ बाट प्रशिक्षण सीप विकास तालिम को उद्यम विकास विभिन्न मितिमा बैठक बसीको भनी ९ जनालाई रु ६३००० भुक्तानी भएको हुदा कानूनमा व्यवस्था नभएको समितिको बैठक भत्ता भुक्तानी गरी बढि ब्ययभार पारेको रु

| अनियमित भएको | ६३,००० |
|---|---|

---

८० **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विद्यालय संचालन अनुदान अन्तर्गत ४६ वटा विद्यालयलाई गो भौ नं १७१।०८०।२।१८ बाट रु २७४९६०० भुक्तानी भएकोमा उक्त अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

---

८१ **पाठ्यपुष्तक निकासा -** आर्थिक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्ने र सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयलाई पाठ्यपुष्तक बापत भुक्तानी दिदा भुक्तानी भएको अनुदान रकमबाट पाठ्यपुष्तक खरिद गरेको विल भरपाई तथा पुष्तक बितरण गरेको प्रमाण संलग्न नभएको हुदा त्यसको प्रमाण पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | भुक्तानी भएको विवरण | कैफियत | भुक्तानी रकम |
|---|---|---|---|
| शम्भुशरण मा वि | कक्षा ११ र १२ को क्रमस ११६@२७१ र ११५ @३१७ | पुस्तक खरिदको विजक नै पेश नभएको | ६७८९१ |
| गणेश विद्यामन्दिर | कक्षा १ देखि ८ सम्म लागी | ७५% बापत रु१८७३४९ भुक्तानी भएकोमा भरपाई छैन । | १८७३४९ |
| जम्मा | | | २५५२४० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५५,२४० |

८२ **फाईजर खोप** (२२६-२०८०-३-२०):- पालिकाले फाइजर खोप संचालन गरेको भनी रु २६६००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) अनुगमन बापत ६ जनालाई ३ देखि १० दिनसम्म गरी ३५ दिनको रु १००० का दरले भुक्तानी भएकोमा खोप अनुगमनको चेकलिष्ट र खर्च पुष्टी हुने अनुगमन प्रतिबेदन पेश गर्नुपर्ने रू रु ३५०००

ख) अनुगमन बापत ५ जनालाई २० देखि ५ दिन सम्म गरेर ९० दिनको अनुगमन भत्ता भुक्तानी भएकोमा उक्त कार्यक्रममा नगर प्रमुख सहितको ६ जना अनुगमनमा गईसकेको अवस्थामा पुनः कर्मचारी अनुगमनमा भएको भनी ९० दिनको रु १००० का दरले भुक्तानी भएको देखियो। खर्च पुष्टी हुने अनुगमन प्रतिबेदन पेश गर्नुपर्ने रू ९००००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२५,००० |

८३ **मानव अधिकारीका लागि एकल महिला विकास केन्द्र कार्यक्रम** (२१९-२०८०-३-१७):- पालिकाले मानव अधिकारको लागि एकल महिला विकास केन्द्रमा विनियोजन भएको बजेटबाट सडक नाटक संचालन गरेको भनी ५ लाख भुक्तानी भएकोमा

सार्वजनिक निकायले परामर्शसेवाबाट कार्य गर्दा खरिद नियमावली अनुसार प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी रकम भुक्तानी दिनुपर्नेमा सो नगरी सिधै उक्त संस्था छनौट गरी लागत अनुमान तयार नगरी उक्त संस्थाले पेश गरेको विल भरपाई पेश गरी रकम भुक्तानी नियमसम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

८४ **कृषि जैविकता संरक्षण कार्यक्रम** - पालिकाले जैविक विविधता संरक्षण कार्यक्रम अन्तर्गत २६४ थान १५० के जी क्षमताको मेटल डस्विन निर्माण गरी वितरण गरेको भनी गो भौ नं २४६।०८०।३।२१ बाट अमानत स्टिल फर्निचर उद्योगलाई रु ६९९५६० भुक्तानी गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

ख) कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्धारा जारी गरेको स्थानिय तह कार्यक्रम कार्यान्वयन मार्गदर्शनको बुदा नं ३६ को कृषि जैविक विविधता संरक्षणमा कृषि जैविक विविधताको स्थानिय घर, गोठ तथा खेती स्थलीय र परस्थानीय संरक्षण गर्दा समुदायको क्षमता विकास गर्ने विभिन्न कृषि जैविक चेतना, कृषि जैविक विविधता संरक्षणमा स्थानीय विद्यालयसँग सहकार्य तथा स्थानीय कृषि जैविक विविधता संरक्षण तथा प्रबर्द्धनमा कृषि जैविक विविधता मेला, जैविक विविधता प्रदर्शनी स्थलको निर्माण,

विविधता बीउको पोको वितरण तथा संरक्षक कृषक सम्मान जस्ता कार्यक्रम संचालन गर्न सकिनेमा कार्यविधि विपरित मेटल डस्विन निर्माण गरेको भनी बर्षान्तमा कार्यविधि विपरित भुक्तानी भएको नियम सम्मत देखिएन।

क) सार्वजनिक निकायले रु १ लाख भन्दा माथीको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद नियमावली अनुसार खरिद गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरी अनियमित भएको हुदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

---

८५ **नगर स्तरीय अन्तरक्रिया कार्यक्रम -** कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार सार्वजनिक निकायले कुनै पनि कार्यक्रम संचालन गर्दा सहभागीलाई यातायात खर्च बापत २०० र सहभागी भत्ता बापत ५०० गरी ७०० भुक्तानी गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले कृषि जैविक विविधता संरक्षण कार्यक्रम अन्तर्गत कृषि जैविक विविधता सचेतना नगर स्तरीय अन्तरक्रिया कार्यक्रम संचालन गर्दा ४३ जना सहभागीलाई भत्ता बापत जनही १५०० का दरले गो भौ नं १९५।०८०।३।८ बाट रु १२५४५० भुक्तानी गरी बढीब्ययभार पारेको रु .

| | |
|---|---|
| अनियमित भएको | ३४,४०० |

---

८६ **रोजगारी श्रृजना -** युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ को वुदा नं २९ अनुसार रोजगारी श्रृजनाको बजेटबाट पालिकाको भवन मर्मतमा खर्च गर्ने व्यवस्था नगरेको हुदा पालिकाले रोजगारी सृजना बजेटबाट वडा नं १२ को वडा भवन मर्मत कार्य गरेको भनी गो भौ नं २५४।०८०।३।२४ बाट कुल कार्यसम्पन्न रु १९७१८८७ मध्ये रु १५ लाख न पा पूँजिगत शिर्षकबाट भुक्तानी दिई बाँकी रु ४८४६८० यस शिर्षकबाट खर्च लेखि कार्यविधि विपरितको कार्यमा खर्च लखेको हुदा उक्त खर्च पालिकाबाट लेखी संघीय बजेटको रकम संघीय संचित कोषमा फिर्त पठाउनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८४,६८० |

---

८७ **व्यूटि पार्लर सम्वन्धि तालिम -** पालिकाले गरिवि निवारण कार्यक्रम अन्तर्गत व्यूटि पार्लर संचालन गरेको भनी टोपलाल वि क लाई गो भौ नं १८३३९० भुक्तानी भएको श्रेष्त परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो

क) कार्यसंचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार सिप मुलक तालिममा मूख्य प्रशिक्षकलाई मासिक रु १०००० का दरले भुक्तानी गर्द नसकिनेमा पालिकाले बैशाख २१ देखि असाढ २० सम्म व्यूटिपार्लर तालिम संचालन गरेको भनी प्रशिक्षक रेजिना रावल लाई मासिक २०००० का दरले २०००० बढी भुक्तानी हुने गरी रु ४०००० भुक्तानी गरेको हुदा कार्यविधि भन्दा बढी खर्च लेखेको रकम पालिकाले संघिय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु.

ख) कानूनमा व्यवस्था नभएको व्यवस्थापन खर्च बापत ज्ञान गोडिला लाई २५०० र टोप लाल वि क लाई २५०० गरी रु ५००० भुक्तानी भएकोमा उक्त रकम पाउने आधार पेश पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००० |

---

८८ **स्तरबृद्धि -** निजामती सेवा नियमावली २०५० अनुसार स्थायीपदपुर्ति तथा बढुवा गर्दा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कर्मचारीहरूको स्तरबृद्धि गरी आ.व. २० ८०।८१ देखि तलवभत्ता भुक्तानी गरेकोमा पालिकाले लोक सेवा आयोगको परापर्श बेगर, O and M Survey नगरी साविकका नगरपालिका मातहतका स्थायी कर्मचारीहरूको आ.व. २०७९।८० मा स्तरबृद्धि गरेको भनि परेको रिटमा सम्मानित सर्वोच्च अदालतको उत्पेषण आदेश ०७८-WO-१३८१ जारि भएको देखियो।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

---

८९ **शिक्षक अनुदान -** स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार शिक्षक तथा कर्मचारीको तलव भत्तामा शशर्त तर्फ बजेट बिनियोजन भएकोमा बिद्यार्थि संख्याको आधारमा शिक्षकको दरबन्दी एकिन नगरी निम्न बिद्यायालयहरुलाइ स्थानिय तहले वित्तीय समानिकरण अनुदानबाट थप प्रथम त्रैमासिकमा रु ५२६४०००, दोस्रो त्रैमासिकमा रु. ३९०४५००, तेस्रो त्रैमासिकमा रु. ४२२३५०० र चौथो त्रैमासिकमा रु. ३७१६८३३ गरी कुल रु. १७१०८८३३ शिक्षक तथा अन्य कर्मचारी तलव भत्तामा निकासा दिएको देखियो। समानिकरण अनुदानबाट थप अनुदान दिएको नियमित नदेखिएको रु.

| क्र.सं. | विद्यालय नाम | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | श्री शम्भुशरण मा.वि.(१-१२) | २२४००० | १६८००० | ११०५०० | ९३००० | ५९५५०० |
| २ | श्री त्रिशक्ति माध्यमिक विद्यालय (१-१०) | ५००००० | ३३७५०० | ३०८३३३ | २२५००० | १३७०८३३ |
| ३ | श्री गणेश विद्यामन्दिर आधारभुत(१-८) | १६८००० | १२६००० | १४६००० | १२६००० | ५६६००० |
| ४ | श्री स्वामी परमानन्द आधारभुत(१-५) | ३२००० | २४००० | २४००० | २४००० | १०४००० |
| ५ | श्री जगन्नाथ गुरुबाबा आधारभुत(१-५) | २४००० | १८००० | १८००० | १८००० | ७८००० |
| ६ | श्री सरस्वती आधारभुत विद्यालय(१-५) | २४००० | १८००० | १८००० | १८००० | ७८००० |
| ७ | श्री शान्ति आधारभुत विद्यालय(१-८) | २०८००० | १५६००० | १७६००० | ९९००० | ६३९००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | श्री जानकी माध्यमिक विद्यालय(१-१०) | ४१२००० | ३०९००० | २९२००० | २५२००० | १२६५००० |
| ९ | श्री नेपाल राष्टि«य आधारभुत विद्यालय(१-५) | २४००० | १८००० | १८००० | २४००० | ८४००० |
| १० | श्री कृष्णासार आधारभुत विद्यालय(१-८) | १२४००० | ९३००० | १७०००० | १४४००० | ५३१००० |
| ११ | श्री ध्रुब माध्यमिक विद्यालय(१-१२) | १४०००० | १०५००० | ११५००० | १०५००० | ४६५००० |
| १२ | श्री कोटही माध्यमिक विद्यालय(१-१२) | ३४८००० | २६१००० | २९१००० | २६१००० | ११६१००० |
| १३ | श्री भानोदय आधारभुत विद्यालय(१-८) | १०८००० | ८१००० | ९१००० | ८१००० | ३६१००० |
| १४ | श्री नारायणनाथ स्मृती आधारभुत विद्यालय(१-५) | २४००० | १८००० | १८००० | १८००० | ७८००० |
| १५ | श्री नेपाल राष्टि«य आधारभुत विद्यालय(१-८) | २०८००० | १५६००० | १७६००० | १४४००० | ६८४००० |
| १६ | श्री शान्ति आधारभुत विद्यालय(१-५) | ६४००० | ४८००० | ४८००० | ४८००० | २०८००० |
| १७ | श्री बालमन्दिर आधारभुत विद्यालय(१-५) | ५६००० | ३६००० | ३६००० | ३०००० | १५८००० |
| १८ | श्री बगलामुखी माध्यमिक विद्यालय(१-१२) | ५६००० | ४२००० | ४२००० | ९३००० | २३३००० |
| १९ | मदरशा असरफिया मसोदुल उलुम आधारभुत(१-५) | ९२००० | ६९००० | ७९००० | ७५००० | ३१५००० |
| २० | श्री हिमालि आधारभुत विद्यालय (१-८) | २०८००० | १५६००० | १७६००० | १५६००० | ६९६००० |
| २१ | मदरशा जमिया रजाउल उलुम आधारभुत(१-३) | १६००० | १२००० | १२००० | १२००० | ५२००० |
| २२ | मदरशा मिफताउल उलुम आधारभुत(१-४) | १६००० | १२००० | १२००० | १२००० | ५२००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | श्री महाकवि देवकोटा माध्यमिक विद्यालय(१-१२) | १३२००० | ९९००० | १०९००० | १८०००० | ५२०००० |
| २४ | श्री भानुभक्त आधारभुत विद्यालय(१-५) | ३२००० | २४००० | २४००० | २४००० | १०४००० |
| २५ | श्री देउराली आधारभुत विद्यालय(१-५) | ४०००० | ३०००० | ३०००० | ३०००० | १३०००० |
| २६ | श्री कोठिया आधारभुत विद्यालय(१-३) | २४००० | १८००० | १८००० | १८००० | ७८००० |
| २७ | श्री बालविद्या मन्दिर आधारभुत विद्यालय(१-५) | ९२००० | ६९००० | ७९००० | ७५००० | ३१५००० |
| २८ | श्री गायत्री आधारभुत विद्यालय(१-८) | १७६००० | १३२००० | १५२००० | १३२००० | ५९२००० |
| २९ | श्री ओमशान्ति आधारभुत विद्यालय(१-५) | ३२००० | २४००० | २४००० | २४००० | १०४००० |
| ३० | श्री सिदार्थ आधारभुत विद्यालय(१-५) | १५२००० | ११४००० | १३४००० | ७८००० | ४७८००० |
| ३१ | श्री नेपाल राष्टि«य माध्यमिक विद्यालय(१-१०) | ३६८००० | २७६००० | २८७६६७ | ३३३००० | १२६४६६७ |
| ३२ | श्री छत्रपालमेवालाल बबई आधारभुत विद्यालय(१-५) | ३२००० | २४००० | २४००० | २४००० | १०४००० |
| ३३ | श्री मथुरा हरिद्वार आधारभुत विद्यालय(१-५) | १००००० | ७५००० | २४००० | २४००० | २२३००० |
| ३४ | श्री गौरीशंकर माध्यमिक विद्यालय(१-१०) | ३२४००० | २४३००० | ३३४००० | १६४८३३ | १०६५८३३ |
| ३५ | श्री भादा आधारभुत विद्यालय(१-५) | ३२००० | २४००० | २४००० | १८००० | ९८००० |
| ३६ | श्री गणेश आधारभुत विद्यालय(१-५) | ९२००० | ६९००० | ७९००० | ६९००० | ३०९००० |
| ३७ | श्री हिमालय आधारभुत विद्यालय(१-५) | २४००० | १८००० | १८००० | १८००० | ७८००० |
| ३८ | मदरसा सफदरुल इस्लाम आधारभुत(१-३) | २४००० | १८००० | १८००० | १२००० | ७२००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९ | मदरसा हिमायते इस्लामिया गौसुलउलुम आधारभुत(१-३) | १६००० | १२००० | १२००० | १२००० | ५२००० |
| ४० | श्री सिर्जना आधारभुत विद्यालय(१-४) | २४००० | १८००० | १८००० | १८००० | ७८००० |
| ४१ | श्री नेपाल राष्टि«य माध्यमिक विद्यालय(१-१०) | २०८००० | १५६००० | १७६००० | १६२००० | ७०२००० |
| ४२ | श्री आधारभुत विद्यालय(१-८) | १८४००० | १३८००० | १५८००० | १४४००० | ६२४००० |
| ४३ | श्री गोरखकाली आधारभुत विद्यालय(१-५) | १६००० | १२००० | १२००० | १२००० | ५२००० |
| ४४ | श्री कुम्भर आधारभुत विद्यालय(१-५) | १६००० | १२००० | १२००० | १२००० | ५२००० |
| ४५ | मदरसा अलजमिया रसुल उलुम आधारभुत(१-५) | १६००० | १२००० | १२००० | १२००० | ५२००० |
| ४६ | मदरसा दरुलउलुम फैजमे गौसुलबार आधारभुत(१-५) | १६००० | १२००० | ५६००० | ६३००० | १४७००० |
| ४७ | श्री सरस्वती आधारभुत विद्यालय(१-३) | १६००० | १२००० | १२००० | ० | ४०००० |
| जम्मा निकासा | | ५२६४००० | ३९०४५०० | ४२२३५०० | ३७१६८३३ | १७१०८८३३ |

| | |
|---|---|
| अनियमित भएको | १,७१,०८,८३३ |

९० **रोयल्टी** - लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि ६ बमोजिम तराइका जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा,ग्राभेल प्रति क्युव फिट रु ८ र माटो संकलनमा प्रति क्युव फिट रु ३ का दरले शुल्क लगाइ असुल गर्ने ब्यबस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उत्खनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्यु फिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ।पालिका भित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने माटो ,ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नहुदा यस बर्ष स्थानिय तहको राजस्व घटि असुल हुन गएको रु

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | निर्माण सामाग्री | परिमाण | रोयल्टी |
|---|---|---|---|---|
| १२४।०८०।१।३ | सुहेलवा रामवाग लिखिरामको घरदेखी उत्तर मुलसडक सँग जोड्ने सडक ग्राभेल उ.स | सव वेस | १४० | ३९६५० |
| ११९।०७९।१२।२३ | सुहेलवा खोपकेन्द्र देखि पुर्व उतर भट्टा जाने बाटो निर्माण उस | ग्राभेल | २२० | ६२०९२ |
| जम्मा | | | | १०१७४२ |

| | |
|---|---|
| अनियमित भएको | १,०१,७४२ |

९१ **जडान बापत सप्लायर्सलाई भुक्तानी -** पालिकाले ह्यूम पाइप सप्लायर्सलाई निम्नानुसारको ह्युमपाइप आपुर्ति गरेकोमा गरेको सप्यार्यसले जडान समेत गरेको भनी विजकमा जारी गरेको आधारमा भुक्तानी गरेको छ । त्यसलाई प्राविधिकको नापी किताव समावेश नभएको साथै सप्लायर्सको विलमा जडान बापत रकम तोकी सोहि आधारमा कति साइजको ह्यूमपाईप राखेको हो सो को विवरण समेत पेश नभएकोले ह्यूमपाइप जडानको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ नं र मिति | सप्लायर्सको नाम | ह्यूमपाइपको साइज | परिमाण | जडान बापतको रकम |
|---|---|---|---|---|
| ७०।०७९।११।१७ | शुभकामना अर्डर एण्ड सप्लायर्स | ६०० एम एम र ४५० एम एम | १५ र मि र १७.५ र मी | ९३२२ |
| ६६।०७९।११।१७ | शुभकामना अर्डर एण्ड सप्लायर्स | ६०० एम एम र ३०० एम एक | २० र मी र ५ र मी | ९००० |
| जम्मा | | | | १८३२२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,३२२ |

---

९२ **अनुगमन बापत भुक्तानी -** कार्यसंचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार सार्वजनिक निकायले कुनै पनि कार्यक्रम संचालन गर्दा अनुगमन बापत विषयसँगसम्वन्धित व्यक्ति मात्र अनुगमनमा जानुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको कार्यक्रममा विषय सँग सम्वन्धित नभएका व्यक्ति समेत अनुगमन गरेको भनी अनुगमन चेकलिष्ट पेश नगरिकनै भुक्तानी भएको रकम नियमित नदेखिएको रु

| गो भौ नं र मिति | कार्यक्रम | अनुगम बापत भुक्तानी प्राप्त व्यक्ति | अनुगमन गरेको दिन | भुक्तानी रकम |
|---|---|---|---|---|
| ८२।०७९।११।१८ | उद्यम विकासका लागि परिचालन कार्यक्रम | ३ जना नगर प्रमुख सहित ३ जनालाई | २ दिनको @१००० | ६००० |
| ११५।०७९।१२।२१ | पोषण संवेदनशिल कार्यक्रम | मुक्तिनाथ यादव सहित ३ जनालाई १ दिनको | | ३००० |
| ११०।०७९।१२।१० | CBIMINCI कार्यक्रम | ५ स्थानको नगरप्रमुख सहित १० जना ५६ पटक अनुगमन गएको भनी रु १०००० का दरले भुक्तानी | | ५६००० |
| जम्मा | | | | ६५००० |

| | |
|---|---|
| अनियमित भएको | ६५,००० |

---

९३ **रोजगार सेवा केन्द्र संचालन** (१३७-२०८०-१-१३):- पालिकाले प्रत्येक वडामा रोजगार सेवा केन्द्रको संचालनको लागि आन्तरिक प्रशिक्षक अमिर खड्कालाई १ कार्यपत्र तयार गरी १२ वटा वडामा प्रशिक्षण दिएको भनी रु १२००० भुक्तानी भएकोमा ११ वटा कार्य पत्र बापत बढी भुक्तानी भएको रु ११२०० असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२०० |

९४ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** - राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम विद्यालयमा IT Lab स्थापना सुदृढीकरण एवंम Digital Library व्यवस्थापनको लागी ३ वटा बिद्यालयहरुलाइ रु ६५०००० का दरले भुक्तानी गरेकोमा निम्नानुसार देखियो।

क. बढि दरमा खरिदः त्रिशक्ति माध्यमिक बिद्यालय कमलपुरले खरिदको लागि माग गरेको सुचिकृत सप्लायर्सको २०८०।२।२१ को दररेट अनुसार ट्रेड पेडिया ग्रुप प्रा . लि. ज्वागल ललितपुरको मुल्यअभिबृद्धि समेत रु ४४०००० र सिलिकन केयर बोर्डनेट प्रf.लि नेपालगंज बाँकेको मुल्यअभिबृद्धि कर समेत रु ५२०००० रहेकोमा बिद्यालयले घटि दररेट सँग खरिद नगरी बढि दररेटवाला सिलिकन केयर बोर्डनेट प्रf.लि नेपालगंज बाट खरिद गरेको देखिएकोले बढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु ८००००

ख. बढि दरमा खरिदः आधारभुत बिद्यालय दुधाले खरिदको लागि माग गरेको सुचिकृत सप्लायर्सको २०८०।२।२१ को दररेट अनुसार ट्रेड पेडिया ग्रुप प्रा . लि. ज्वागल ललितपुरको मुल्यअभिबृद्धि समेत रु ४४०००० र सिलिकन केयर बोर्डनेट प्रf.लि नेपालगंज बाँकेको मुल्यअभिबृद्धि कर समेत रु ५२०००० रहेकोमा बिद्यालयले घटि दररेट सँग खरिद नगरी बढि दररेटवाला सिलिकन केयर बोर्डनेट प्रf.लि नेपालगंज बाट खरिद गरेको देखिएकोले बढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु ८००००

ग. बढि भुक्तानीः गायत्री आधारभुत बिद्यालयगुलरिया-९ ले ३ वटा खुला दररेट अनुसार बाधियस ट्रेडिङ एन्ड सप्लायर्स गुलरियाको दररेट रु ६४०००० मा खरिद गरेकोमा बिद्यालयलाइ रु ६५०००० भुक्तानी गरेको देखिएकोले दररेट भन्दा बढि रु १०००० असुल गर्नुपर्ने रु

घ. फरक सामाग्री खरिदः राष्ट्रपति शैक्षिक सुधार कार्यक्म कार्यान्वयनपुस्तिका २०७९।८० मा तोकिएका जिन्सी सामाग्री खरिद गरी आइसिटी ल्याव स्थापना गरेको प्रमाणको आधारमा मात्र बिद्यालयलाइ अनुदान दिनुपर्नेमा निम्नानुसारका फरक जिन्सी खरिद गरेको बिलको समेत अनुदान उपलब्ध गरेको देखिएकोले उक्त रकम बिद्यालयबाट असुल गरी संघिय सन्चित कोषमा दाखिला गर्नुपर्ने रु

| बिद्यालयको नाम | खरिद गरेको जिन्सी | रकम |
|---|---|---|
| त्रिशक्ति माध्यमिक बिद्यालय कमलपुर | कार्पेट, सुलोसन ,वाल फेन ,पेन्ट ,अफिस टेबुल र ज्याला | १२७२८१ |
| आधारभुत बिद्यालय दुधा | कार्पेट कुशन वाल पंखा ् कलर सामाग्री | १०४८७० |
| जम्मा | | २३२१५१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०२,१५१ |

---

९५ **विद्युतमा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा कार्यालय, आधारभुत स्वास्थ्य केन्द्रको विद्युत महशुल समयमा तिरी महशुलमा छुट पाउनु पर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा विद्युत महशुल भौ नं मिति ६०।२०७९।६।२६ बाट रु ४७५०८, भौ नं मिति ५९७।२०८०।१।१० बाट रु. २६४१० गरी रु. ७३९१८ जरिवाना भुक्तानी गरी पालिकालाई थप व्ययभार परेको हुदा नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७३,९१८ |

---

९६ **प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कानून तथा कार्यविधि नबनाई कार्यपालिकाको निर्णय गराई यो बर्ष विभिन्न सेवाका कर्मचारीहरूलाई प्रोत्साहन भत्तामा रु. ३९७०००० खर्च गरेको कारण आर्थिक व्ययभार पारेको रु.

| | |
|---|---|
| अनियमित भएको | ३९,७०,००० |

---

९७ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न जात्रा पर्वमा आर्थिक सहयोग, सामाग्री खरिद गरी बितरण जस्ता कार्यक्रममा रु. २४७७१४० भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| मिति।गो.भौ.नं. | कार्यक्रम | रकम |
|---|---|---|
| १०१।२०७९।७।२२ | खेलकुद कार्यक्रम सहयोग | १००००० |
| १४२।२०७९।८।१६ | हरितालिका तिज कार्यक्रम खर्च | ५०००० |
| २०२।२०७९।९।६ | दुर्गा पुजा | २५००० |
| २४६।२०७९।१०।३ | शिवशंकर मन्दिर मर्मत तथा रङरोगन | ९८८५१ |

| | | |
|---|---|---|
| २५१।२०७९।१०।०३ | नवदुर्गा पुजा समारोह खर्च | १००००० |
| २५२।२०७९।१०।०३ | हिन्दु स्वयमसेवक संघ (प्राथमिक शिक्षा वर्ग) | १००००० |
| ३०५।२०७९।११।१५ | माघि महोत्सव | ४५०००० |
| ३२७।२०७९।११।२७ | जिमसामग्री खरिद | ९४९८७८ |
| ३६५।११।१९ | रामलिला धनुष महायज्ञ | २४७५०० |
| ४५४।१२।०५ | नारी दिवसमा विविध कार्यक्रम | १२२८९० |
| ५००।१२।२३ | डल्लापुरको शिवमन्दिर उद्घाटन | १५०००० |
| ५८७।२०८०।१।८ | वडा नं. ११को संस्कृति बचाउ कार्यक्रम | ७३७१५ |
| १०५५।२०८०।३।२४ | बजार माइकिङ, नगरसभा कार्यक्रम | २५१०७५ |
| ७३७।२०८०।२।११ | एस.इ.इ. तयारी कक्षा सञ्चालन | १९९४३५ |
| ८२८।२०८०।३।४ | बडा नं. ४ का युवाहरुलाई मोटरड्राइभिङ तालिम | १९८९९९ |
| ८५५।२०८०।३।७ | वडा नं. ५ को प्रगतिको डकुमेन्ट्री निर्माण | ९३७९० |
| ९७७।२०८०।३।२० | न्यायिक समितिका विभिन्न कामहरूको बारेमा वृतचित्र निर्माण | ९९८९२ |

सैद्धान्तिक बेरुजु

९८ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन

तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यसका केहि उदाहरण देहाय अनुसार छन् ।

| गो.भौ.नं.मिति | विवरण | रकम | लाभान्वित समुह/ वर्ग |
|---|---|---|---|
| ११९ | वालदिवस कार्यक्रममा कपी पेन वितरण | २५२२६५ | २५० विद्यार्थी |
| १२६।२०७९।८।८ | वडा नं. ७ स्कुल ड्रेस वितरण | ३९९८५८ | ३ विद्यालयका ७४१ विद्यार्थी |
| ३४५।२०७९।११।१८ | वडा नं. २ वंगुर वितरण | १९४९९८ | २३ वंगुर वितरण |
| ४४४।२०७९।१२।०५ | वडा नं. ६ गहुँको विउ वितरण | १०६४०० | ३५ कृषकलाई ४० केजीको दरले |
| ४९०।२०७९।१२।२२ | घाँसको विउ वितरण | ६०००० | १८२ कृषक |
| ५०२।२०७९।१२।२३ | वर्षिम घाँसको विउ वितरण | १००००० | २९२ कृषक |
| ५६३।२०८०।१।६ | पशु बीमा कार्यक्रम | ४००८० | ४५ कृषकका ९३ गाईभैंसी |
| ३२६।२०७९।११।१७ | वडा नं. ८ का विद्यालयहरूलाई पोशाक वितरण कार्यक्रम | २५०२५० | १६० विद्यार्थीहरु |
| ५०४।२०७९।१२।२३ | कृषि मोटर तथा वोरिङ वितरण | ९८९२०२ | ४० कृषक |

सैद्धान्तिक बेरुजु

९९ **वडा कार्यालयहरूको नियमित मासिक बैठकमा भत्ता -** लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४ (ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४ (ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन उल्लेख छ।

नमुना छनौट गरी परीक्षण गर्दा वडा कार्यालयहरूको मासिक बैठकमा स्पष्ट प्रयोजन र विषयवस्तु नखुलेको अवस्थमा समेत बैठक भत्ता भुक्तानी गरेको देखियो। यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ। केही उदाहरण निम्न छन।

| वडा नं. | व्यहोरा | रकम |
|---|---|---|
| १ | श्रावणको बैठक निर्णयहरूः ६ गते- कार्यालय सहायक कर्मचारीको सम्झौता नविकरण गर्ने सम्बन्धमा बसेको बैठक, ७ गते- सामाजिक सुरक्षा भत्ता नविकरण कार्यक्रम प्रचारप्रसार गर्ने निर्णयका लागि बसेको बैठक, २९ गते- नागरिक बडापत्र राख्ने निर्णयका लागि बसेको बैठक (५ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १५००० |
| २ | श्रावणको बैठक निर्णयहरूः १ गते- कार्यालय सहायकको म्याद थप गर्ने निर्णय गर्न बसेको बैठक, ३१ गते- सामाजिक सुरक्षा भत्ता नविकरण कार्यक्रम प्रचारप्रसार गर्ने निर्णयका लागि बसेको बैठक, माघ ३ गते- कार्यालय सहायकको म्याद थप गर्ने निर्णय गर्न बसेको बैठक, (५ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १५००० |
| ३ | श्रावणको बैठक निर्णयहरूः १ गते- कार्यालय सहायकको म्याद थप गर्ने निर्णय गर्न बसेको बैठक, १५ गते- सामाजिक सुरक्षा भत्ता नविकरण कार्यक्रम प्रचारप्रसार गर्ने निर्णयका लागि बसेको बैठक, असोज १ गते- पुजामहायज्ञमा सामग्री सहयोग गर्ने निर्णय गर्न बसेको बैठकको बैठक भत्ता (६ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १८००० |
| ४ | श्रावणको बैठक निर्णयहरूः १८ गते-कार्यालय सहायकको म्याद थप गर्ने निर्णय गर्न बसेको बैठक, ३० गते- सामाजिक सुरक्षा भत्ता नविकरण कार्यक्रम प्रचारप्रसार गर्ने निर्णयका लागि बसेको बैठक, असोज १३- दशैं पुजामा आर्थिक सहयोग गर्ने निर्णयका लागि बसेको बैठक (६ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १८००० |
| ५ | भाद्रको बैठकका निर्णयहरुः १७ गते- सामाजिक सुरक्षा भत्ता नविकरण कार्यक्रम प्रचारप्रसार गर्ने निर्णयका लागि बसेको बैठक, असोज १४- विजयादशमीको शुभकामना दिने निर्णय गर्न बसेको बैठक, पौष ५-खेलकुद कार्यक्रममा विनियोजन रकम उपलब्ध गराउने निर्णय गर्न बसेको बैठक (६ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १८००० |
| ६ | श्रावण १३-सामाजिक सुरक्षा भत्ता नविकरण कार्यक्रम प्रचारप्रसार गर्ने निर्णयका लागि बसेको बैठक, मार्ग ७- सामाजिक सुरक्षा लाभग्राहीलाई परिचयपत्र उपलब्ध गराउने निर्णय गर्न बसेको बैठक, कार्तिक २- सामाजिक सुरक्षा लाभग्राहीलाई परिचयपत्र उपलब्ध गराउने निर्णय गर्न बसेको बैठक (६ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १८००० |

| | | |
|---|---|---|
| ७ | मार्ग ६- बर्षिम घाँसको विउ वितरण गर्ने निर्णय गर्न बसेको बैठक, मार्ग १३- बर्षिम घाँसको विउको कम मुल्यको कोटेशन स्वीकृत गर्न बसेको बैठक, फाल्गुण २- बंगलामुखी मन्दिरलाई आर्थिक सहयोग गर्ने निर्णय गर्न बसेको बैठक (५ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १५००० |
| ८ | जेष्ठ १- रामनवमी पर्वमा सहयोग सम्बन्धमा, बैशाख १- सुचना सन्देशमुलक जानकारी प्रकाशनको भुक्तानी दिने, चैत्र ८- सुचना सन्देशमुलक जानकारी प्रकाशनको भुक्तानी दिने (६ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १८००० |
| ९ | श्रावण ३१- सामाजिक सुरक्षा लाभग्राहीलाई परिचयपत्र उपलब्ध गराउने निर्णय गर्न बसेको बैठक, श्रावण ३०- सामाजिक सुरक्षा लाभग्राहीलाई परिचयपत्र उपलब्ध गराउने निर्णय गर्न बसेको बैठक, भाद्र १७- सामाजिक सुरक्षा लाभग्राहीलाई परिचयपत्र उपलब्ध गराउने निर्णय गर्न बसेको बैठक (६ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १८००० |
| १० | श्रावण २- सामाजिक सुरक्षा भत्ता नविकरण कार्यक्रम जानकारी गर्ने निर्णयका लागि बसेको बैठक, श्रावण ३०- सरसफाईकर्मीको म्याद थप गर्ने निर्णय, असोज १४- विजयादशमीको शुभकामना दिने निर्णय गर्न बसेको बैठक, (६ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १८००० |
| ११ | श्रावण २- सामाजिक सुरक्षा भत्ता नविकरण कार्यक्रम जानकारी गर्ने निर्णयका लागि बसेको बैठक, श्रावण १५- सामाजिक सुरक्षा भत्ता नविकरण कार्यक्रम जानकारी गर्ने निर्णयका लागि बसेको बैठक, भाद्र १५- सामाजिक सुरक्षा लाभग्राहीलाई परिचयपत्र उपलब्ध गराउने निर्णय गर्न बसेको बैठक (६ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १८००० |
| १२ | श्रावण ५- कार्यालयलाई इन्भट्र खरिद गर्ने निर्णय, श्रावण २०- हरितालिका तिजमा विविध कार्यक्रम गर्ने निर्णय, भाद्र १७- विभिन्न भुक्तानी दिने निर्णय (६ जना सदस्य ३ बैठकमा १००० को दरले भुक्तानी) | १८००० |

सैद्धान्तिक बेरुजु

१०० **अनुगमन भत्ता -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९( ५ ) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाइ तथा प्रमाण कागजात संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले वडागत तथा शाखागत रुपमा सञ्चालन गरेको विभिन्न कार्यक्रमहरुको खर्च परीक्षण गर्दा अधिकांश कार्यक्रमहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अनुगमनकर्ता नियुक्त गरी अनुगमन भत्ता वितरण गरेको देखियो । उक्त अनुगमनकर्ताहरुले कार्यक्रम अनुगमन पश्चात कुनै प्रकारको प्रतिवेदन अथवा सुझाव उपलब्ध गराएको देखिएन । पालिकाले यातायात सुविधा तथा ईन्धन सुविधा लिने पदाधिकारी एवम् कर्मचारीहरुलाई अनुगमन भत्ता भुक्तानी दिने कानुनी आधार पेश गर्नुपर्ने रु

| गो.भौ.नं. मिति | विवरण | रकम | करकट्टी | भुक्तानी |
|---|---|---|---|---|
| ४६७।२०७९१२।१० | सिकलसेल, एनिमियारोगबाट बच्नेबारे सचेतनामुलक कार्यक्रम अनुगमन | ४२००० | - | ४२००० |
| ४६९।२०७९।१२।१२ | विदेशबाट फर्किएका महिलाहरूलाई सशक्तिकरण कार्यक्रम अनुगमन | १३००० | - | १३००० |
| ५४०।२०७९।१२।३० | वडास्तरीय नगरस्तरीय अनुगमन | ३६३००० | ५४४५० | ३०८५५० |
| ९१६।२०८०।३।१७ | वडास्तरीय नगरस्तरीय आयोजना अनुगमन | २८८००० | ४३२०० | २४४८०० |
| ५६८।२०८०।१।७ | कृषकलाई वीउवीजन वितरण कार्यक्रम अनुगमन | ५००० | ७५० | ४२५० |
| ५८३।२०८०।१।८ | लहरे तरकारी खेती तालिम | ६००० | ९०० | ५१०० |
| ६३० | वालविवाह न्युनिकरण र प्रजनन स्वास्थ्यसम्बन्धी अभिमुखिकरण कार्यक्रम | २४००० | ३६०० | २०४०० |
| जम्मा | | | | ६३८१०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,३८,१०० |

१०१ **प्रयोजनविनाका विविध खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा बिल भर्पाइ को आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न भौ नं मिति बाट रु भुक्तानी दिएकोमा उक्त रकम के प्रयोजनकोलागि हो उल्लेख छैन। यसरी विना प्रयोजन खर्च लेख्ने कार्य नियन्त्रण हुनुपर्दछ।

| भौ नं मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| २४७।२०७९।१०।०३ | चिया खाजा खर्च | गुप्ता चिया नास्ता पसल | २०३९९० |
| ३२८।२०७९।११।१७ | खाना खाजा खर्च | लोटस गार्डेन रिसोर्ट | १११२७१ |
| ३६७।२०७९।११।१९ | विविध खर्च | गुप्ता चिया नास्ता पसल र लोटस गार्डेन रिसोर्ट | ३२०७४५ |
| | जम्मा | | ६३६००६ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०२ **गैर सरकारी संस्थाहरुमार्फत कार्यक्रम संचालन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्नका लागि छनौट भएको गैर सरकारी संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तालिम वडा कार्यालयले आफै कार्यादेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त, लागत अनुमान तयार नगरी संस्थाले पेश गरेकै लागत अनुमानको आधारमा तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड समेत स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । उदाहरणको लागि देहाय बमोजिम रहेका छन् ।

| भौ नं. | सेवा प्रदायक | कार्यक्रम विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ५४१ | सञ्चारिका समुह, बर्दिया | स्थानीय सुचनामा महिलालाई पहुँच विषयक १ दिने कार्यक्रम | १००००० |
| ५५० | मुस्लिम महिला उत्थान संघ | दलित, मधेसी, मुस्लिम महालालाई सशक्तिकरण कार्यक्रम | १००००० |
| ६३६ | मुस्लिम महिला उत्थान संघ | एकल महिला सशक्तिकरण कार्यक्रम | ९९९२४ |
| ८३२ | आत्मनिर्भर तालिम केन्द्र | सिलाई कटाई तालिम वडा नं. १ | ३४९०२३ |
| ८३६ | सञ्चारिका समुह वर्दिया | वालविवाह न्युनिकरण कार्यक्रम | ५०००० |
| ८१७ | बबई मिडिया तथा परामर्श सेन्टर प्रा.लि. | वालविवाह, लागुऔषध न्युनिकरण तथा सामाजिक संजाल दुरूपयोग सम्बन्धी सचेतनामुलक नाटक कार्यक्रम | २९७१९० |
| ९७८ | फेस नेपाल | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ९९८०० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०३ **सहकारीलाई कम्प्युटर तथा प्रिन्टर सहयोग** (९०३-२०८०-३-१५):- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले हाम्रो साझा कृषि सहकारी नामक सहकारी संस्थालाई कम्प्युटर तथा प्रिन्टर सहयोग स्वरुप रु १४९२७३ खर्च लेखेको नियमित नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | १,४९,२७३ |

१०४ **व्यक्तिको नाममा भुक्तानी -** पालिकाले कुनै पनि भुक्तानी बिद्युतिय प्रणाली मार्फत वा एकाउन्टपेयी चेकबाट भुक्तानी गर्नुपर्ने कानुनी ब्यबस्था भएकोमा खापरीक्षणको क्रममा नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी हुनु पर्नेमा सो नगरि निम्न व्यक्ति तथा कर्मचारीहरुको नाममा एकमुष्ट भुक्तानी खर्च

लेखी विल भरपाई पेश भएको देखियो। यसरी भुक्तानी भएको रकम सम्बनधितले पाए नपाएको तथा जुन कार्यको लागि भुक्तानी लिएको हो सो कार्य भएको हो भनि यकिन गर्न सकिएन। यसका केहि उदाहरणहरुः

| भौ नं. मिति | कार्यक्रम | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| १६८।२०७९।८।२९ | वडा कार्यालय प्रशासनिक खर्चको भुक्तानी | घनश्याम अधिकारी (वडा नं. ५) | ५७४०१ |
| १९७।२०७९।९।५ | वडा कार्यालय प्रशासनिक खर्चको भुक्तानी | सुरज सुवेदी (वडा नं. १०) | ४२७०६ |
| ४४१।२०७९१२।३ | वडा कार्यालय प्रशासनिक खर्चको भुक्तानी | हरि प्रसाद भुषाल (वडा नं. ४) | ६९२४४ |

सैद्धान्तिक बेरुजु

१०५ **कर्मचारी तथा जनप्रतिनिधिहरूलाई अवलोकन भ्रमण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी तथा जनप्रतिनिधिहरूलाई अवलोकन भ्रमण शिर्षकमा देहायबमोजिम खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.नं. मिति | व्यहोरा | रकम |
|---|---|---|
| २१६।२०७९।९।१६ | वडा नं. ५, जनप्रतिनिधि कर्मचारी भ्रमण | २००००० |
| ५४९।२०८०।१।३ | वडा नं. ३, जनप्रतिनिधि कर्मचारी भ्रमण | १५०००० |
| ५५२।२०८०।१।३ | कृषकहरूलाई सिकाई अध्ययन भ्रमण वडा नं. ४ | १८९२४५ |
| | जम्मा | ५३९२४५ |

| सैद्धान्तिक बेरुजु |
|---|

१०६ **स्वास्थ्य बीमाको रकम पालिकाबाट भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। । पालिकाले गो.भौ.नं. २३८ मिति २०७९।१०।०३ बाट संघीय सरकार, स्वास्थ्य बीमा बोर्डको स्वास्थ्य बीमा कार्यक्रम अन्तरगत स्वास्थ्य बीमामा आवद्ध परिवारले बार्षिक रूपमा भुक्तानी गर्नुपर्ने शुल्क समेत पालिकाले अति विपन्न परिवारलाई स्वास्थ्य बीमा शिर्षकबाट देहायबमोजिम कुल रू १०४८४९० खर्च लेखि भुक्तानी गरेकोमा अति बिपन्न परिबार छनौटको आधार खुलाएको देखिएन। अति बिपन्न परिबारको लगत खडा गरि सेवा सुबिधा दिनुपर्दछ।

| व्यहोरा | रकम |
|---|---|
| वडा नं. १ को अति विपन्न परिवारको स्वास्थ्य बीमा शुल्क भुक्तानी | ३५०००० |
| वडा नं. २ को अति विपन्न परिवारको स्वास्थ्य बीमा शुल्क भुक्तानी | ५९८५०० |
| वडा नं. १२ को अति विपन्न परिवारको स्वास्थ्य बीमा शुल्क भुक्तानी | ९९९९० |
| जम्मा | १०४८४९० |

| सैद्धान्तिक बेरुजु |
|---|

१०७ **अन्य कार्यालयको खर्च -** सरकारी कार्यालयले सम्पादन गर्नुपर्नेकार्यका लागि आफै एल एम बि आइ एस मार्फत बजेट माग एवम विनियोजन गरी बजेटको सिमा भित्र रहेर खर्च गर्नु पर्दछ | एउटा कार्यालयलाई प्राप्त बजेट अर्को निकायलाई स्वीकृत कार्यक्रम बेगर अनुदानको रुपमा दिन मिल्दैन। कार्यक्रम बेगर अनुदान दिदा एउटै निकायलाई एउटै कामकालागि बिभिन्न निकाय बाट दोहोरो/तेहरो/भुक्तानी हुन् सक्ने सम्भावना देखिन्छ। पालिकाले निम्नानुसार मातहतमा नरहेका अन्य कार्यालयको खर्च भुक्तानी गरेको देखियो। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने तथा खर्च नियमित नदेखिएको रु

| भौ नं. मिति | शिर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| २२५।२०७९।९।२२ | विविध खर्चको भुक्तानी | नेपाल रेडक्रस सोसाइटी | १३५००० |

| | | | |
|---|---|---|---|
| २७८।२०७९।१०।०४ | इन्धन खर्च | प्रहरी चौकी खैरापुर क र ख | ४८२० |
| ५३४।२०७९।१२।२४ | कार्यालय सामग्री खरिद | जिल्ला कारागार कार्यालय | १९४९८ |
| ९२५।२०८०।३।१८ | प्रिन्टर, कुर्सी लगायत | प्रहरी चौकी गुलरिया | १५६००० |
| जम्मा | | | ३१५३१८ |

| | |
|---|---|
| अनियमित भएको | ३,१५,३१८ |

१०८ **बाखा वितरण -** अर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ बमोजिम भुक्तानी दिंदा रित पुगे नपुगेको चेक जाँच गरि भुक्तानी दिने व्यवस्था छ। पालिकाले भौ.नं. २३९ मिति २०७९/१०/३ मा ६० वटा बाखा खरिद गरी ६० कृषकहरूलाई वितरण गरी ववई एकिकृत कृषि फर्मलाई रु ६००००० भुक्तानी गरेको छ । उक्त बाखा खरिद गर्दा बाखाको बर्थ सर्टिफिकेट स्वास्थ्य प्रमाणपत्र र विमा गराएको तथा बाखा वितरण गर्दा लाभग्राही छनौटको आधार समेत देखिएन । यसले बाखा स्वस्थ अवस्था तथा वितरित कृषक वास्तविक लाभग्राही हुन भन्ने समन्धमा एकिन हुन सकेन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०९ **सफ्टवयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । गो.भौ.नं. ३९ मिति २०७९।०६।२४ बाट पालिकाले सम्पती कर र आयलेखा सफ्टवयर खरिद गरी रु ९९६६६० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : गुलरिया नगरपालिका, बर्दिया , गुलरिया नगरपालिका , बर्दिया

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेश सुनार | २०७९-५-२४ | २०७९-१०-५ |
| कार्यालय प्रमुख | ओमकार शाह | २०७९-११-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रुप सिङ खत्री | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,११६,६७४ | २७,१६३,६०३ | १२,३४४,६८२ | ० | ० | १०,३९५,३३७ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५४,०२०,२९६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ८,२२१,५३६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४५,७९८,७६० |

## आर्थिक कारोबारको स्थिति

**अनुसूची - १**

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १८२६३७३४५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५७३४०३६६४ | **चालु खर्च** | ४८८८३८९१२ |
| **प्रदेश सरकारबाट अनुदान** | ४५७७३५५६ | **पूँजीगत खर्च** | ३२४६३८०८३ |
| **राजश्व बाँडफाँट** | १४४७१०४४१ | **वित्तीय/अन्य व्यवस्था** | २५३४२७४२० |
| **आन्तरिक आय** | २४९०४२४९ | | |
| **अन्य आय** | २२३६६६७२० | | |
| **कुल आय** | १०१२४५८६३० | **कुल खर्च** | १०६६९०४४१५ |
| **बाँकी मौज्दात** | | १२८१९१५६० | |